
REFORMED & PRESBYTERIAN SEMINARY

# RESTORERS

Vol.1. DEC- MAY 2018




## धर्म सम्बन्धी नयाँ कानुन र इसाई सरोकार

मण्डलीको भुमिका र नेपालको कानुन

**Religious Restrictions: Urgency of Endurance In The Persecution And Intolerance For The Sake of Christ to The Christians Minority In Nepal**

**Nepal New Law- Implications for the Church and Care-Givers**

धर्म र स्वतन्त्रता कुण्ठित बनाउने ऐन र ईसाई समाज

Dear Teku

नयाँ मुलुकी (संहिता) ऐन र ईसाईहरूलाई व्यवहारिक जटिलता

# HIGHER GROUND NEPAL

## Introduction

Higher Ground Community Development Nepal (HGCDN) is an ofcially registered Non-Government Organizaton (NGO) afliated with the Social Welfare Council (SWC). Throughout its eight year journey, HGCDN has been successful in knitng a web of integrated transformatonal programs and interventons at a grassroot level. HGCDN promotes a society with a safe and caring environment for living those under fear of abuse, exploitaton and human trafcking survivors by providing them access to the educaton, developing technical and sof skills, increasing awareness through various cross cutng campaign on burning natonal issues and developing entrepreneurial capacites for sustainable livelihood.

We are working to strengthen the capacity of young women, youth and children who are living at high riskcircumstances and strengthen them by impartng necessary skills and opportunites to live an empowered and dignifed life. HGCDN is reaching out to the victms of abuse and trafcking through its outreach, protecton and care services. We see more and more women becoming strong and empowered creatng an impact in the lives and families of the Nepali communites. HGCDN has adopted a multfold strategy not limited to Lalitpur district but expanding its working area to Kathmandu and Lamjung under the Permission Approval from DCC Kathmandu and DCC Lamjung Govt. of Nepal.

## Vision

A just and a transformed society where people can live in dignity

## Mission

To restore the lives of individuals at risk of abuse, exploitaton and human trafcking through awareness, counselling and socio-economic empowerment.

## Values

- Love and Respect
- Forgiveness and Reconciliaton
- Justce and Integrity
- Hope and Compassion
- Peace and Harmony
- Service and Stewardship

## Objectives

- Health Awareness to the at risk of trafcking or exploitaton group.
- Support needy children to get an educaton by providing a scholarship.
- Provide Skill Development Training to those at risk for independence.
- Provide counselling to the at-risk group to create peace and harmony.
- Help people at risk as per need to ensure their safety.
- Support government and public through promotng and helping poor families.
- Prioritze for farming occupaton.
- Legal support and counselling to help who are at risk for the sense of justce.






# प्रधानाध्यापकको तर्फबाट



सर्वप्रथम आर. पि. एस. को तर्फबाट परमप्रभुलाई धेरै धन्यवाद दिन चाहन्छु । उहाँको अनुग्रहद्धारा यो सेमिनारी ई.सं. २००० देखि आजको दिनसम्म नेपालमा धेरै अगुवाहरुलाई परमेश्वरको वचनबाट असल शिक्षा दिन सफल भएको छ । म धेरै धन्यवादी छु कि मैले यस सेमिनारी ई.सं. २००७ देखि एक शिक्षकको रुपमा पढाउने मौका पाए साथसाथै मैले आफ्नो अध्ययनलाई पुरा गरेर आज यस सेमिनारी प्रधानाध्यपकको रुपमा सेवाकाई गर्न पाउँदा म परमप्रभुप्रति अति नै धन्यवादी छु । साथै यस सेमिनारीका आदरणिय बोर्डका अध्यक्ष, सदस्यहरु र सेमिनारीको सबै शिक्षिकाहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

परमेश्वरले यस सेमिनारीलाई उहाँको राज्य वृद्धिका लागि बाइबलमा केन्द्रित भएर शिक्षा दिनका लागि आजसम्म सहयोग गर्नुभएको छ । यस सेमिनारीबाट एक सयभन्दा बढी अगुवाहरु निर्माण भइसकेका छन् र ति अगुवाहरु आफ्ना-आफ्ना क्षेत्रमा परमेश्वरका जनहरुलाई असल तरिकाले शिक्षा दिन सफल भएका छन् । यस सेमिनारीबाट पढाई सिध्याएका केही विद्यार्थीहरु अन्य ठाउँहरुमा गई उच्च शिक्षा हासिल गर्न पनि सफल भएका छन् । ती विद्यार्थीहरुको सफलता देखेर हामी अति नै हर्षित छौ । यस सेमिनारीलाई अझ अगाडि बढाउने क्रममा मास्टर तह अर्थात् एम. डिभ. तहको अध्ययन शुरु गरेका छौ । हामीसँग अनुभवी र योग्य शिक्षकहरुद्धारा बि. टि. एच. र मास्टर तहका विद्यार्थीहरुलाई अध्ययन गराउने कार्य भइरहेको छ ।

हामी धेरै खुशी छौ कि हामीले यस सेमिनारीको तर्फबाट आ. पि. एस. फोरम पत्रिका यसै वर्षबाट शुरु गरेका छौं । यस पत्रिकाद्धारा नेपालको कुनाकाप्चामा रहेका विश्वासीहरुले पनि देशको नियम कानुन साथै परमेश्वरको वचनलाई सहि ढंगले बुझ्न भन्ने उद्देश्यले शुरु गरेका छौ । उहाँहरुले पनि देशको परिस्थितिलाई बुझेर कसरी परमेश्वरको काम गर्ने भन्ने कुरामा पनि स्पष्ट हुन जरुरी भएकोले यस पत्रिकामा आवश्यक लेखहरु समावेश गरिएको छ । नेपालका सबै विश्वासीहरुले यस लेखहरु पढेर र बुझेर परमेश्वरको वचनलाई नेपाली समाज र संस्कृतिमा परमेश्वरले दिनु भएको बुद्धि प्रयोग गरी असल परमेश्वरको जनहरु हुन सकून् भन्ने यस पत्रिकाको मुख्य आशय हो । परमेश्वरले सबैलाई प्रशस्त मात्रामा ज्ञान, बुद्धि, र आशिष दिऊन् ।

**विरेन्द्र श्रेष्ठ**
**प्रधानाध्यापक**

# सम्पादकको तर्फबाट

हरेक धर्मले मुलतः "उद्धार पाउने मार्ग" को बारेमा जवाफ वा उपायहरुका बारेमा उत्तर दिने कोशीस गर्दछन् । कुनै पनि धर्मका तीन अति-आवश्यकीय तत्वहरुः ईश्वर, मानव जाती र उद्धार हुन्छन । हामी इशाइहरुको पबित्र धर्म शास्त्र बाइबलका अनुसार हाम्रो इशाइ विश्वास (खृष्टको नाउँ पुरानो नियममा पूर्ण रुपमा प्रकट भएको नदेखिएतापनि) मानव जातिको सुरुवात देखिनै स्थापित भएको हो । यसर्थ इशाइ धर्मले परमेश्वोर र मानवजातिको सेरोफेरोमा रहेर उद्धार र मुक्तिको आवश्यकताको स्पस्टोक्ति, यस्को बाटो, जीवनको उद्देश्य साथै अनन्त जीवनका बारेमा प्रस्ट व्याख्या सुरुदेखिनै गरेको छ । आज बाहिर बजारमा जस्तोसुकै हल्ला चलेतापनि, इशाइ बिस्वास अरु-धर्म गलत या पतन भएर तेस्को सट्टामा उदय भएको वा कालान्तरमा जर्बजस्ती लादिएको कुनै धर्म होइन. यो धर्म निःसन्देह परमेश्वोरको प्रकाशबाट मानिस जाति को सुरुवात देखिने सुरुभएको हो र येशु ख्रिस्टको दोश्रो आगमन नहुन्जेल सम्म चलिनै रहने छ. भलै यसमाथि अविरल प्रहार किन भै नरहून!

धेरै समय अगाडी देखिको सोच र प्रार्थना भएतापनि छोटो समयको घेराबन्दी र यो RPS को शिक्षक शिक्षिकाहरुको प्रयासमा हाम्रो पहिलो अंक Restorers यहाँहरुको हातमा आइपुगेको छ । हाम्रो लक्ष नेपालका कुना-कुनामा रहेका हरेक स्तरका विश्वाशीहरुलाई मात्र प्रभुको वचनबाट उत्साह दिने, सुसज्जित गराउने तथा सु-सुचित गराउने मात्र नभई विश्वभर फैलिएका 'नेपाली भाषि' हरुका बीचमा पनि पुऱ्याउने लक्ष हो । हाम्रो यो प्रयासबाट पक्कै पनि मण्डलीका अगुवाहरु लगाएत सम्पूर्ण विस्वाशी जनहरुले लाभ प्राप्त गर्न सक्नुहुनेछ. यो अंकमा RPS का शिक्षक र शिक्षिकाहरुका मात्र लेख नभई विद्यार्थीहरुका



रचना र गवाही पनि समेटिएका छन् । यो अंकले विशेष गरी 'नेपालको नयाँ कानुन र यसको आसय र असरहरुका "बारेमा विभिन्न कोणहरुबाट धर्म(शास्त्रीय टिप्पणीहरु पस्केको छ । शीर्षक-गत टिप्पणी तथा व्याख्याहरू लेखकहरुका आ-आफ्ना धारणाहरु हुन् । अनि म यो पनि आशा गर्दछु की यी लेखहरुले वर्तमान अवस्थामा हाम्रो धर्म-माथि 'प्रहार' भैराखेको र भविष्यमा हुन सक्ने 'महा-प्रहारहरुको' सामना गर्न उर्जा प्रदान गर्नेछ. जस्तोसुकै परिस्थितिमा पनि उहाँको अनुग्रहमा बिस्वास्योग्य रहन र येशु खिष्टको शिक्षा र जीवनको निरन्तर अभ्यास गरिरहन परमेश्वोरले हामी सबैलाई सहायता गर्नुभएको होस् ।

**सम्पादक मण्डलको तर्फबाट**
**मणि कोइराला, Academic Dean, RPS**

# Editorial Committee

**Editorial:** Rev. Mani Koirala
**Chirman Desk:** Rev. Arbin Pokharel
**Principal Desk:** Rev. Birendra Shrestha

**Advisor:**
Rev. Arbin Pokharel
Rev. Jayraj Gurung

# Content


प्रधानाध्यापकको तर्फबाट ....................................... ३
सम्पादकको तर्फबाट ............................................. ४
मण्डलीको भुमिका र नेपालको कानुन .................. ६
Religious Restrictions: Urgency of Endurance In The Persecution And Intolerance For The Sake of Christ to The Christians Minority In Nepal ............................ ८
Nepal New Law- Implications for the Church and Care-Givers ........................... १३
धर्म र स्वतन्त्रता ................................................... १५
कुण्ठित बनाउने ऐन र ईसाई समाज ................ १८
भद्र असहमति ........................................................ २०
विश्वास (कथा) ...................................................... २४
आनन्दको ध्वनी ..................................................... २६
Dear Teku ........................................................... २७
गवाही ................................................................. २८
प्रेरितहरूको सार, सान्दर्भिकता र चुनौतीहरू...... ३१
नयाँ मुलुकी (संहिता) ऐन र ईसाईहरूलाई व्यवहारिक जटिलता ............................................... ३४
फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ ....................................... ३८

# मण्डलीको भुमिका र नेपालको कानुन



- विरेन्द्र श्रेष्ठ
आर. पि. एस.

हाल नेपालमा मण्डलीहरु तीव्ररुपमा बढ्दै गइरहेका छन् । काठमाडौंमा मात्र हेर्ने हो भने सयौं संख्यामा मण्डलीहरु देख्दछौं । साथै काठमाडौं बाहिर प्रायजसो सबै जिल्लाहरुमा परमेश्वरको राज्य विस्तार भइरहेको छ। यसको अर्थ नेपालमा परमेश्वरको राज्य दिनानुदिन वृद्धि हुँदै जानु हो। तर राज्य त्यसबाट संसकित भएको पाउँदछौं। विशेषगरी केही अतिवादी समूहहरु इसाईहरु विरुद्ध वा इसाईहरुलाई अप्ठ्यारोमा पार्न निकै नै अग्रसर भएका छन् । नैपालको कानुन हेर्दा जसरी भए पनि परमैश्वरमा विश्वास गर्नेहरु प्रति आक्रमण भएको पाउदछौ । तर परमेश्वर साँचो हुनुहुन्छ र जस्तोसुकै अवस्थामा पनि परमेश्वरले यस देशमा काम गरिरहनु भएको छ ।

ई.सं. २०१५ को नेपालको नयाँ संविधान धारा ४(१) अनुसार नेपाल धर्मनिरपेक्ष देश बनिएको छ । जसको अर्थ धार्मिक रुपमा स्वतन्त्रता, सांस्कृतिक रुपमा स्वतन्त्रता, धर्मको सुरक्षा भन्ने बुझिन्छ । तर संविधानको धारा २६(३) अनुसार, "कुनै पनि व्यक्तिले अर्को धर्मको व्यक्तिलाई धर्म परिवर्तन गर्न पाइदैन र अरु धर्मलाई असर पर्ने गरी कुनै पनि कार्यक्रम वा कामहरु गर्न निषेध गरिएको छ। यदि त्यसो गरिएमा कानुन अनुसार सजाय भोग्नु पर्नेछ।"

ई.सं. २०१८ मा जारी भएको फौजदारी कसुर ऐन (परिच्छेद ९) यस प्रकारको छः धारा १५८ अनुसार (१) कसैले कसैको धर्म परिवर्तन गराउन वा सो कुराको उद्योग गर्न वा दुरुत्साहन दिन हुँदैन। (२) कसैले कुनै जात, जाति वा सम्प्रदायमा सनातनदेखि चली आएको धर्म, मत वा आस्थामा खलल पार्ने कुनै काम वा व्यवहार गर्न वा खलल हुने गरी कुनै प्रलोभन देखाई वा नदेखाई अन्य कुनै धर्ममा परिवर्तन गराउन वा धर्म परिवर्तन गराउने नियतले त्यस्तो धर्म वा मत प्रचार गर्न हुँदैन । (३) उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

धार्मिक स्वतन्त्रता भनिए पनि यो ऐनले ईसाई विश्वासीहरुलाई राज्यले अन्याय र अप्ठ्यारोमा पार्न खोजिएको छ । कतिपय समयमा झुठा दोष लगाएर पनि इसाईहरुलाई दमन गर्ने र जेलमा हाल्ने काम पनि भइरहेको देखिन्छ। यसरी राज्यबाट इसाईहरुलाई दमन गर्ने नियतले अर्थात् परमेश्वरको राज्य विस्तार रोक्ने नियतले यस मुलुकी ऐनबाट राज्यले काम गर्न शुरु गरेको छ । यो ऐन लागू भएपछि इसाइहरूका विरुद्धमा भएका खास घटनाहरू सुनेका छैनौं । तैपनि अव राज्यले इसाईहरुलाई निकै नै गाह्रो पार्ने हो कि भनैर विश्वासीहरुमा त्रास फैलिएको छ । तर हामी डराउनु पर्ने कुरा केही छैन । हामी परमप्रभुको वचनअनुसार हिड्नु पर्दछ  साथै राज्यले बनाएको ऐनलाई पनि पालना गर्नुपर्दछ । परमेश्वरको राज्य विस्तार गर्ने काम परमेश्वर स्वयम् वहाँले नै गर्नु हुन्छ। हामी वस् वहाँको आज्ञा पालना मात्र गर्नु पर्दछ। हामी बाइबलमा यस्ता घटनाहरु प्रशस्तै पाउदछौ ।

एस्तरको पुस्तकबाट हामी केही सिक्न सक्छौ। एस्तरको पुस्तकमा परमेश्वर भन्ने शब्द देख्दैनौ । त्यसकारण कतिपय विद्वान्हरुले यो पुस्तक परमेश्वरद्धारा प्रेरणा पाएर लेखिएको हो भन्नेमा शंका गर्दछन् । तैपनि यस पुस्तक बाइबलका पुस्तकहरुमध्ये एक हो र परमेश्वरको प्रेरणाबाट लेखिएको पुस्तक हो । यस पुस्तकमा यहूदीहरुले समस्या पर्दा प्रार्थना

गरेको र उपवास बसेको घटनाहरु समावेश गरिएको छ। लामो समयदेखि शूशनमा बस्दै आएका यहूदीहरु पछिल्लो समयमा हामानको कारणले यहूदीहरुमा ठूलो सतावट आएको थियो। हामान एक अन्यजाती थियो। जो राजा पछिको व्यक्ति थिए। तिनी निकै शक्तिशाली र राजाले पनि एकदम विश्वास गरेका व्यक्ति थिए। एक यहूदी मोर्दकैले तिनलाई आदर नगरेको कारण सबै यहूदीहरुलाई मार्न उर्दी जारि गर्‍यो। त्यस्तो भयानक स्थितिमा यहूदीहरुको प्रार्थना र एस्तरको ठूलो भूमिकाले यहूदीहरुलाई बचाउन सफल भयो भने यता हामान आफै संकटमा पर्‍यो। नेपालीको उखान, “आफूले खनेको खाल्डोमा आफै पर्‍यो” भने जस्तै गरी हामानले मोर्दकैलाई झुण्ड्याएर मार्नका लागि फाँसीमा आफै फस्न पुग्यो: “राजाले भने, त्यसैमा हामानलाई झुण्ड्या। तब मोर्दकैको निम्ति आफैले तयार गरेको फाँसीको काठमा तिनीहरुले हामानलाई लगेर झुण्ड्याए। त्यसपछि राजाको रिस शान्त भयो” (एस्तर ७:९(१०)।

यसरी राजा अहासूरसद्धारा यहूदीहरुलाई मार्ने उर्दी नै जारी गरेतापनि परमेश्वरका जनहरुलाई परमेश्वरले रानी एस्तरलाई प्रयोग गरी बचाउने काम गर्नु भएको थियो। नेपालमा त्यस्तो भयावहको स्थिति आइसकेको छैन। तर नेपालका परमेश्वरका जनहरुका लागि अलि अप्ठ्यारोमा पार्ने काम त भएकै छ। यसबाट हामीहरु आत्तिहाल्नु पर्ने स्थितिचाहिँ छैन। हामी यस देशको नागरिक भएको कारण हामीले नेपालको ऐन नियम पढ्नुपर्दछ र त्यसको पालना गर्नुपर्दछ। परमेश्वरको राज्य नेपालमा बढ्नु अति आवश्यक छ त्यसकारण हामीले परमेश्वरले दिनुभएको बुद्धि प्रयोग गरेर काम गर्नुपर्दछ। त्यसको मतलव सुसमाचार प्रचार गर्दै नगर्नु भन्न खोजिएको होइन। सुसमाचार प्रचार गर्ने तरिकाहरु धेरै छन्। हामीलाई सुसमाचार प्रचार गर्न परमेश्वरले विभिन्न वरदान दिनु भएको छ। त्यस वरदानलाई पहिचान गरी र त्यसलाई प्रयोग गरी परमेश्वरको राज्य विस्तार गर्नुपर्दछ।

नेपालको कानून जस्तो किसिमको भएपनि विश्वासीहरुले चिन्ता लिनु आवश्यक छैन। फिलिप्पी ४:६ का अनुसार परमेश्वरका जनहरु कुनै कुरामा पनि चिन्तित हुनुहुदैन बरु प्रभुमा प्रार्थना गर्नुपर्दछ किनभने येशूले हाम्रो सम्पूर्ण समस्याहरु समाधान गर्नुहुन्छ। रोमी १३:१(७ मा भनेका छन्, इसाई विश्वासीहरुले राज्यको कानूनलाई आदर गर्नुपर्दछ किनभने ती प्रशासकहरु परमेश्वरले नै नियुक्त गर्नुभएका व्यक्तिहरु हुन्। त्यसकारण अहिले हाम्रो देशमा जुन ऐन लागू भएको छ त्यसलाई हामी इमान्दार भएर पालना गर्नुपर्दछ। हाम्रो काम भनेको प्रशासकहरु र सबै विश्वासीहरुको लागि प्रार्थना गर्नु हो।

नेपालको कानून जस्तो बनेको भएता पनि छ हामी कत्ति पनि नआत्तिकन हाम्रो काम गर्नु पर्दछ। त्यसो भए के हामीले सुसमाचार नसुनाउने त? होइन। हामीले परमप्रभुको राज्यको सुसमाचार सुनाउनै पर्दछ तर देशको कानून अन्तर्गत रहि काम गर्नुपर्दछ। बाइबलको मुख्य सन्देश “प्रेम” हो। तसर्थ हामीले परमेश्वरको प्रेम देखाउनु पर्दछ जस्तै विरामीलाई प्रार्थना र सहयोग गरेर, दु:खमा परेकालाई प्रार्थना र सहयोग, शिक्षामा उत्साह दिएर, सरसल्लाह दिएर र धेरै माध्यमबाट मानिसहरुलाई परमेश्वरको बारेमा भन्न सक्छौं। सधैं प्रार्थनामा लागिरहुँ जस्तै एस्तरको पुस्तकमा भनिए जस्तै यहूदीहरुलाई समस्या पर्दा प्रार्थना र उपवासमा लगातार लागिरहेका थिए। त्यस्तैगरी हामीहरु पनि प्रार्थना र उपवासमा लागिरहनुपर्दछ। परमेश्वरले जे गर्नुहुन्छ सबै ठिकै गर्नुहुन्छ।

# Religious Restrictions: Urgency of Endurance In The Persecution And Intolerance For The Sake of Christ to The Christians Minority In Nepal



**- Menuka Mishra**

## Introduction

This article is about how to endure persecution and intolerance for the sake of Christ to the Christians minority in Nepal in the times of urgency because recently there are big threats and the religious restrictions imposed on religious minorities from the Government of Nepal, which was promulgated in their 'new constitution 2015' and implemented it on August 17, 2018.[1] The purpose of article is to help readers to actively participate in their religious practices no matters what consequences they have to face in near future for the sake of Christ to build God's kingdom in Nepal as the early church Christians did in the time of severe persecution. Precisely, this article is limited in two areas such as religious restrictions in Nepal for religious minorities, and the urgency of endurance in the persecution and intolerance for the sake of Christ based on the teaching from Jesus Christ and the apostles in the time of persecution and intolerance from the religious minority and majority, and finally the conclusion will follow with the implication to bring awareness and to encourage the Nepal's local churches to endure persecution and intolerance for Christ's sake which means also to participate in Christ suffering.

## Religious Restrictions: Nepal's New Law on Religious Freedom

Recently, Nepal has implemented the new laws against the religious freedom among the minorities. This has threatened the core of religious practices of religious minorities. Specifically, they have banned to preach and share their religious faith with the intention of conversion to another religion from their 'paternal religion.' They have attacked on the religious freedom of expression of one's faith and belief. It is contrary to Nepal's Constitutional law on Article 26 clause 1 and also not able to maintain the international human rights standards.[2]

In Nepal's Civil Code wording of Clause 158 and 160 of section 9 of the Bill and Nepal's Constitution Article 26 state:[3]

---

1 World Watch Monitor, "Nepali Law Criminalizing 'Hurting of Religious Feelings' Comes into Force," Worldwatchmonitor.com, last modified August 17, 2018, accessed October 23, 2018, https://www.world watch-monitor.org/2018/08/nepali-law-criminalising-hurting-of-religious-feelings-comes-into-force; see also Religious Freedom News, "Nepal's New Law Puts Squeeze on Christians,"Religiousfreedomnews.com, last modified August 29, 2018, accessed October 23, 2018, https://www.religiousfreedom news.com/2018/08/ 29/ nepals-new-law-puts-squeeze-on-christians.

2 Ewelina U. Ochab, "Nepal's Protection of Religious Freedom On Downward Spiral," Forbes.com, last modified September 2, 2018, accessed October 25, 2018, http://www.forbes.com/ewelinaochab/2018/02/07 nepals-protection-of-religious-freedom-on-downward-spiral.

3 CSW Everyone Free to Believe, "Nepal: Bill Criminalizes Religious Conversion," CSW.org.uk, last modified August 21, 2017, accessed October 25, 2018, http://www.csw.org.uk/2017/press/3676/article.htm; see also Ewelina U. Ochab, "Nepal's Protection of Religious Freedom On Downward Spiral," Forbes.com, last modified September 2, 2018, accessed October 25, 2018, http://www.forbes.com/ewelinaochab/2018/02/07 nepals-protection-of-religious-freedom-on-downward-spiral.

**Section 9.158 -**

1) Nobody should hurt the religious sentiment of any caste, ethnic community or class by writing, through voice/talk or by a shape or symbol or in any other manner.
2) Anyone committing the offense as per sub-clause (1) shall face up to two years of imprisonment and a fine of up to twenty thousand rupees.

**Section 9.160 -**

1) Nobody should convert the religion of another person or indulge in such act or encourage such an act. 2) Nobody should indulge in any act or conduct so as to undermine the religion, faith or belief that any caste, ethnic group or community has been observing since sanatan [eternal] times or to jeopardize it with or without any incitement to convert to any other religion, or preach such religion or faith with any such intention. 3) Anyone committing the offense as per sub-clause (1) and (2) shall face up to five years of imprisonment and fine of up to fifty thousand rupees. 4) If a foreigner is found to have committed the crime as per sub-clause (1) and (2), he/she will have to be sent out of Nepal within seven days of completion of the sentence as per this clause.

**Article 26 -**

1) Each person shall be free to profess, practice, and preserve his/her religion according to his/her faith. 2) Every religious denomination shall, maintaining its independent existence, have the right to manage and protect its religious places and religious trusts in accordance with law. 3) While exercising the right as provided for by this Article, no person shall act or make others act in a manner which is contrary to public health, decency and morality, or behave or act or make others act to disturb public law and order situation, or convert a person of one religion to another religion, or disturb the religion of other people. Such an act shall be punishable by law.

This religious restriction mentioned above has left the minorities in great intolerance towards their religious belief and practices. However, this restriction on "secular" country Nepal seems very harsh treatment towards their religious minorities. Thus, the next section specifically focusing on Christian minorities to encourage enduring in intolerance from religious majority as we have the ample of example in the New Testament from the life of Jesus Christ, his disciples, and apostles in the early churches.

## The Urgency of Endurance in Intolerance for the Sake of Christ

The work of true believer is to preach the gospel and share our faith and belief to those who do not know about the salvation in Jesus Christ. This is the greatest commandment given by Jesus Christ to his follower in Matthew 28:18-20 to preach, teach and baptize them in the name of the Father, Son and the Holy Spirit. Precisely, if we tried to abide by new constitutional religious laws of Nepal mentioned above then we are not abiding by the Word of God and commandment of Jesus Christ. During the time of Jesus Christ also there were physical, mental, and social persecution to him and also to his followers from his own religious minority and from the Romans religious majority. The Lord Jesus Christ himself also promised to his disciples by saying,

> If the world hates you, you know that it has hated Me before it hated you. If you were of the world, the world would love its own; but because you are not of the world, but I chose you out of the world, therefore the world hates you. Remember the word that I said to you. 'A slave is not greater than his master.' If they persecute Me, they will also persecute

you; if they kept My Word, they will keep yours also. But all these things they will do to you for My name's sake, because they do not know the One who sent Me (John 15:18-21, NASB).

And moreover, the apostle Paul also warned that, "… all who desire to live godly in Christ Jesus will be persecuted" (2 Timothy 3:12). Thus, as we are the disciples and followers of Jesus Christ in Nepal, firstly, there is an urgency to endure the religious persecution and intolerance. In reality, the persecution and intolerance from the religious majority should be expected and anticipated always by Nepali Christians. However, as Janson A. Van Bemmel rightly said that, "we should not seek it or provoke it, but neither should we fear it or ever compromise our faith and testimony to avoid it."[4] Indeed, Jesus' disciples faced the persecution and intolerance boldly in the early churches. As a result, Nepali believers are one of the products of those bold and fearless men and women of God who brought the gospel in this hostile kingdom of Nepal sixty year before.

Secondly, Jesus has given the "blessed" nametag to those who have endured and will be enduring the persecution and intolerance on account of Jesus Christ. As in the Sermon on the Mount Jesus clearly said,

> [10]Blessed are those who have been persecuted for the sake of righteousness, for theirs is the kingdom of heaven. [11]Blessed are you when men cast insults at you, and persecute you, and say all kinds of evil against you falsely, on account of Me. [12]Rejoice, and be glad, for your reward in heaven is great, for so they persecuted the prophets who were before you (Matthew 5:10-12, NASB).

Here the "blessed" nametag followed by encouragement to rejoice and be glad in the times of persecution and intolerance; because there is a heavenly reward for such believers who endure the persecution, insult, false witness from the religious majority for Christ's sake. This is the greatest comforting message for those who were persecuted, are in persecution, and will be persecuted for the sake of Christ.

Thirdly, the apostle Peter has taught us to rejoice even in the persecution and intolerance for the sake of Christ. He clearly stated that,

> [12]Beloved, do not be surprised at the fiery ordeal among you, which comes upon you for your testing, as though some strange thing were happening to you; [13]but to the degree that you share the sufferings of Christ, keep on rejoicing; so that also at the revelation of His glory, you may rejoice with exultation. [14]If you are reviled for the name of Christ, you are blessed, because the Spirit of glory and of God rests upon you. [15]By no means let any of you suffer as a murderer, or thief, or evildoer, or a troublesome meddler; [16]but if anyone suffers as a Christian, let him not feel ashamed, but in that name let him glorify God. [17]For it is time for judgment to begin with the household of God; and if it begins with us first, what will be the outcome for those who do not obey the gospel of God? (1 Peter 4:12-17, NASB)

According to the apostle Peter's statements above, there are five reasons to rejoice in intense persecution and intolerance as a true Christian. First reason in verse 12 is to rejoice because God is putting believers in the test. This is the test to discern who are a true and a false Christian.

[4] Jason A. Van Bemmel, "How Does God Use Persecution to Strengthen and Advance His Church? Monergism Blog, last modified April 2, 2017, accessed October 22, 2018, https://www.monergism.com/blog. how-does-god-use-persecution-strengthen-and-advance-his-church.

Second reason in verse 13 is to rejoice because believers are partaking in Christ' suffering as a true Christian. Third reason in verse 14 is to rejoice in persecution and intolerance because God's presence is with the true Christian during those times. Fourth reason in verses 15 and 16 is to rejoice because God is glorified through our persecution if we suffer as a true Christian rather than as a killer or burglar or evildoer or a troublemaker. And the final reason in verse 17 is to rejoice because impending judgment is near for those who are persecute true Christians.[5]

Finally, the apostle Paul taught us through his life example how to endure persecution and intolerance even in life or in the point of death to strengthen the Church for Christ's sake. He has mentioned in Philippians 1:12-14, 20-21:

[12]Now I want you to know, brethren, that my circumstances have turned out for the greater progress of the gospel, [13]so that my imprisonment in the cause of Christ has become well known throughout the whole praetorian guard and to everyone else, [14] and that most of the brethren, trusting in the Lord because of my imprisonment, have far more courage to speak the word of God without fear…[20]according to my earnest expectation and hope, that I shall not be put to shame in anything, but that with all boldness, Christ shall even now, as always, be exalted in my body, whether by life or by death. [21]For to me, to live is Christ, and to die is gain (NASB).

Paul has emphasized the persecution and intolerance is used by God to strengthen the Church. It is the strongest tool God is using to strengthen and extend His Church. As he has clearly mentioned in verses 12 and 13, how his imprisonment for the sake of Christ brought additional strength and boldness among true believers of Christ to share the gospel without fear in the midst of persecutions to extend God's kingdom. He also encourages the believers from his living testimony that Christ will be honored beyond measure through his body in life or in death because in verse 21 he says, "for to me, to live is Christ, and to die is gain." According to his understanding, for him, to live is for Christ (i.e. he can do more hard labor to extend God's kingdom), and to die is gain (i.e. it is for his personal joy because he will be with Christ in heaven, although his hard labor will put to full stop here on earth). However, for Paul to die is desirable and better but he unselfishly chooses the opportunity to live for Christ's sake to reach more people with the gospel of Christ, and to minister the believers to help them grow in their relationship with Christ. This is the most significant slogan of Paul in his ministry to endure great persecution and intolerance.[6] Therefore, God has used, is using, and will be using persecution and intolerance to strengthen and enhance His Church.

## Conclusion

This article has motivated the true Christians to endure persecution and intolerance in spite of religious restrictions in Nepal for religious minorities mentioned in Nepal's Criminal Code of Clause 158 and 160 of section 9 of the Bill and Nepal's Constitution Article 26. And also it has encouraged the Nepali pastors, elders, deacons, leaders and simple believers with three passages from the New Testament where Jesus Christ and the apostles taught us to be aware, to rejoice, to be thankful for his promise, and to be bold to suffer for Christ's sake.

Firstly, Jesus Christ has promised true Christians to be expected and anticipated the persecution

[5] See also Tim Challies, "5 Reasons to Rejoice in Persecution," Challies.com, last modified March 24, 2015, accessed October 22, 2018, http//: www.challies.com/5-reasons-to-rejoice-in-persecution.

[6] Jason A. Van Bemmel, "How Does God Use Persecution to Strengthen and Advance His Church?" The Monergism Blog, April 2, 2017, accessed October 22, 2018, https://www.monergism.com/blog.how-does-god-use-persecution-strengthen-and-advance-his-church.

and intolerance from religious majority (John 15:18-20); secondly, the "blessed" nametag and heavenly rewards are assured for those Christians who will be faithfully enduring the persecution; thirdly, the apostle Peter encourages true Christians by giving five reasons to rejoice during persecution and intolerance (1 Peter 4:12-17); and finally, the apostle Paul encourages the true Christians "to live or to die" for Christ because God is using the persecution and intolerance as a means to strengthen and extend His Church here in the earth (Phil. 1:12-14; 20-21). Therefore, there is urgency for the Nepali local churches to endure persecution and intolerance with humility for the Christ's namesake because it has the great spiritual values. As a result, the persecution and intolerance brings the believers into unity (Phil. 2:1-4) and also builds the character of the believers to become a true Christian (1 Peter 4:12-14).

## Bibliography

Bemmel, Jason A. Van. "How Does God Use Persecution to Strengthen and Advance His

Church? Monergism Blog. Last modified April 2, 2017. Accessed October 22, 2018. https://www.monergism.com/blog.how-does-god-use-persecution-strengthen-and-advance-his-church.

Challies, Tim. "5 Reasons to Rejoice in Persecution." Challies.com. Last modified March 24, 2015. Accessed October 22, 2018. http//:www.challies.com/5-reasons-to-rejoice-in-persecution.

CSW Everyone Free to Believe. "Nepal: Bill Criminalizes Religious Conversion."

CSW.org.uk. Last modified August 21, 2017. Accessed October 25, 2018. http://www.csw.org.uk/2017/press/3676/article.htm.

Marshall, Alfred. The New American Standard Bible Interlinear Greek-English New

Testament. Grand Rapids: Zondervan Publishing House, 1984.

Ochab, Ewelina U. "Nepal's Protection of Religious Freedom On Downward Spiral."

Forbes.com. Last modified September 2, 2018. Accessed October 25, 2018, http://www.forbes.com/ewelinaochab/2018/02/07nepals-protection-of-religious-freedom-on-downward-spiral.

Religious Freedom News. "Nepal's New Law Puts Squeeze on Christians."Religiousfreedom-

news.com. Last modified August 29, 2018. Accessed October 23, 2018. https://www.

religiousfreedomnews.com/2018/08/29/nepals-new-law-puts-squeeze-on-christians.

World Watch Monitor. "Nepali Law Criminalizing 'Hurting of Religious Feelings' Comes

into Force." Worldwatchmonitor.com. Last modified August 17, 2018. Accessed October 23, 2018. https://www.worldwatch-monitor.org/2018/08/nepali-law-criminalising-hurting-of-religious-feelings-comes-into-force.

# Nepal New Law-Implications for the Church and Care-Givers



**Vanlalchhanhimi Chhakchhuak**

"Change we can believe in" – this was the famous slogan of Barack Obama, the ex-president of the U.S.A. Human beings often desire and crave for change that is why we live in an ever changing world. People, culture, society, country, politics and even laws can change at any time. Sometimes it is change for the better and sometimes it is also change for the worst. As we are aware, in our country Nepal the laws have been changed against the favor of Christians. Initially most of us may feel that it is a bad thing. It looks bad and is indeed bad in many ways. As a human being and as citizens of Nepal we deserve freedom of religion. But as a minority in a Hindu dominated country, our voice and impact may not be that influential. So how do we process such imposed changes in our lives that effects one of the foundations of our faith? Let us try to discuss as to how we can respond and re-look at this issue as a church and as pastors and leaders of the church.

**For the Church**

1. Opposition from the state and persecution has always been a part of what Christians faced from the very beginning. The reason is because unlike other religions Christians choose to remain faithful to their Lord and would not negotiate with their faith.[1] Christ has been faithful to us and for us till his death. We should choose to remain to be faithful to him.

2. I, as a foreigner missionary, have always been amazed at one thing about the Nepalese Christians. I was moved to see many of the Nepalese Christians coming together to celebrate the resurrection of Christ on Easter. Even though I was born and brought up in a Christian state, I've never experienced such things because it's impossible for Christians of different denominations to come together and celebrate events together. I am very happy and proud to see that on great events like Easter, Nepalese Christians can come together and praise our Lord. Witnessing this event makes me believe that Nepalese Christians can and will be united if threats come from the outside. Threats from outside is often an instrument to bring unity among Christians. In a free country like my state where majority of us are Christians, we don't experience threats from the outside. However, we, Christians and Christians begin to argue amongst ourselves and brings disunity. I sincerely hope and believe that Nepalese would use this turn of events to bring unity amongst us.

3. It is an opportunity to witness Christ through our life. We can bear witness to Christ through the way we live our life. Jesus said, "I came that they may have

[1] F. Hrangkhuma, *"An introduction to Church History"* (Bangalore: Theological Book Trust, 2002), 29.

life and have it abundantly" (John 10:10). Having abundant life does not mean a problem free life. We can enjoy, be happy, be grateful, endure pain and suffering without bitterness, not compromising to the world as many of the previous Christians did. It implies a life that can and will overcome different hardships and suffering that may come our way. When people of other faith sees that sufferings and hardship cannot crush the joy Christ gave in us, they will see that life in Christ is indeed different.

4. Pastor Howard Clinebell says that crisis (a time of great difficulty) is an opportunity for growth. He sees it as a time when an individual (or church) can grow towards greater strength and wholeness.[2] This turn of events can be beneficial for us in some ways because it navigates us to think of new ways to preach the gospel. Times like this can help us bring out the creativity that God endowed upon us which will help us change in better ways.

**For care givers**

For the Pastors and Leaders-

1. At times like this, our people needs a comforter, a leader who is firm in his/her faith and commitment to the Lord. Our Lord entrusted us to care for his sheep.
2. This is the time to guide our people. We need to guide our people on when /how to be careful and when/how to be bold and courageous. Learning to be careful doesn't mean we are cowards and we are afraid. We need to be careful so as not to stir up avoidable problems.
3. We need to sustain (strengthen or support physically and mentally) our church members. Words of comfort and encouragement, empowerment is what our members would need constantly. Empower them to live the life Christ gave in us.

What the world meant for bad it can be for our good because in Roman 8:28 we find, "And we know that for those who love God all things work together for good, for those who are called according to his purpose". Because we know that when God allows what we would call as 'undesirable things' to happen in our lives, he also gave us the power and grace to endure it.

[2] Howard Clinebell, *"Basic Types of Pastoral Care and Counseling"* (Nashville: Abingdon Press, 1984), 187.

REFORMED & PRESBYTERIAN SEMINARY ALUMNI ASSOCIATION

"Served to Serve"
"Merry Christmas from all of us!
Here's to a season of love and harmony!

**RPS Alumni Association**

# धर्म र स्वतन्त्रता



- रामेश्वर यादव

विश्वस्तरमा स्विकार गरिएको स्वतन्त्रता, सामानता, सुरक्षा र मानविय तथा व्यक्तिगत अधिकारहरू सम्बन्धी मुल्यमान्यताहरुलाई आत्मसाथ गरेर कुनै देशको जनताको प्रतिनिधिहरूद्वारा सबैको जनताको हितको निम्ति तयार पारिएको दस्तावेज संविधान हो । तर हाम्रो देशमा सरकार आफैले विश्वव्यापीरुपमा स्विकार गरेका मुल्यमान्यताहरूलाई बेवास्ता गर्दै देशको मुल कानुन (संविधान) ल्याएको छ । जसले पुर्णरुपमा धार्मिक स्वतन्त्रतामाथि अंकुश लगाएको देखिन्छ । संविधानमा धर्मलाई समुह र जातजातिसंग जोडिएर व्याख्या गरिएको छ । तर धर्म कुनै जात विशेषको नभएर व्यक्ति विशेषको हुन्छ । यस्तो प्रावधानलाई सर्वस्विकार्य बनाउन कठिन हुन्छ । यसकारण धर्मलाई हाम्रो समाजमा गलतढंग र संकुचित दृष्टिले हेरिएको छ भने अर्कोतिर संसारले विज्ञानको भेदभावपूर्ण चश्मा लगाएर खीष्टको विरोध गरिरहेको छ ।

तर आज पल पलमा मानवजातिले ज्ञानको हरेक क्षेत्रमा फड्को मार्दै अदभूद र अनौठा आविष्कारहरू गरिरहेका छन् । यी चमत्कारी खोजहरूले विश्वको परिदृश्यलाई परिबर्तन गरेको छ र अझ पनि यसलाई अति तीब्रगतिसाथ बदलिरहेको छ । यो वर्तमान अदभूद परिवर्तनशिल समयमा पनि मानिसहरू विषम समस्याहरूबाट गुज्रिरहेका छन । यी समस्याहरूको समाधान बर्तमान भौतिक र आधुनिक युगमा पनि आविष्कारकहरूले पत्ता लगाउन सकिरहेका छैनन् । तिनीहरू परिवर्तनको भेलको विचमा नाटकिय ढंगले परिवर्तनले ल्याएको समस्याहरूलाई जानिजानि बेवास्ता गरिरहेका छन । आफैलाई समस्याहरूबाट स्वतन्त्र ठानिरहेका छनं । तर वास्तवमा स्वतन्त्र छैनन् ।

विज्ञान र प्रविधिले आफैलाई एउटा सफल अगुवाको रुपमा अगाडि सारेर मानव जीवनको समस्याहरूलाई समाधान गर्न खोजे पनि सकिरहेको छैन किनभने जीवनको समस्याहरू पापको समस्यासँग सुक्ष्मरुपमा जोडिएका छन् । तर यसलाई विज्ञानको आडमा केही मुट्ठिभर मानिसहरूले झूठो आश्वासन दिएर अधिकांश मानिसहरूलाई अलमलमा पारिरहेका छन । अर्कोतिर विज्ञान र प्राविधिले सुझाएका समस्याहरूको समाधानहरू शैतान र पापको रहस्यमय उल्झनको अगाडी प्रयाप्त देखिदैन । यसकारण बाइबलले भन्छ कि यी पापका समस्याहरूको समाधान केवल परमेश्वरमा छ । यो विचार धेरै मानिसहरूको लागि हस्यास्पद हुन सक्छ किनकि तिनीहरूले परमेश्वर र उहाँको शासन स्वर्ग र पृथ्वीमा रहेको रहस्यमय तथ्यलाई सहिढंगले बुझेका छैनन् । तिनीहरू पापमा रहेकोले परमेश्वरको कुराको खोजी गर्न सकेका पनि छैन । सबै एकसाथ बरालिएका छन ।

परमेश्वरलाई बुझ्न उहाँ हामीसँग आफै प्रकट हुनु जरुरी छ । यसर्थ धर्म परमेश्वरको प्रकाशसँग सुरु हुनुपर्छ । परमेश्वरबाट प्ररम्भ भएको धर्मले मानिसहरूलाई तिनीहरूको पाप, पापको दासत्व र पापको कष्टहरूबाट स्वतन्त्र गर्ने सर्वोत्तम आशासाथ अस्तित्वमा आएको पाइन्छ । यस सम्बन्धमा लूका ४:१८-१९मा यसरी भनिएको छ, “परमप्रभूका आत्मा ममाथि छ, किनभने गरीवहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ । (पापका) कैदीहरूलाई छुटकाराको घोषण गर्न, र (आत्मिक रुपमा) अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, र परमप्रभुका प्रसन्नताको वर्ष घोषण गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ ।” बाइबलका यी पदहरूले धर्मको यो उदेश्यलाई प्रकाश पार्दछ । यसकारण धेरै धर्महरूको बिचमा परमेश्वरको प्रकाशमा आधारित एकमात्र धर्म खीष्टिय धर्म हो ।

जब इस्राएलले परमेश्वरको प्रकाशको आधारमा जीवन जिउन छोडेर अरु धर्मालम्बीहरू झैं पापको कुरामा रमाइरहेको वेला येशू यस संसारमा आएर अन्तिम पटक परमेश्वरको बारेमा प्रकाश पार्नुभयो । पुरानो करारमा लुकेको रहस्यलाई सहीढंगले व्याख्या गरेर नयाँ करार उहाँमा नै पुरा भएको धोषण गर्नुभयो । येशूले पापका कैदीहरूलाई वा पापका बन्धनमा परेकाहरूलाई छुटकारा र आत्मिकरुपमा अन्धा भएकाहरूलाई दृष्टि दिनुभयो । उहाँले आफ्ना मानिसहरूलाई पाप र पापको दासत्वबाट स्वतन्त्र गराउनुभयो किनकि परमेश्वरले येशूलाई पठाउनुको उदेश्य स्वतन्त्रताको घोषण गर्नु थियो । यसकारण धर्म र स्वतन्त्रता एक अर्कामा अन्तर सम्बन्धित र अन्तर निर्भर रहेको छ । धर्म स्वतन्त्रता बिना धर्म रहदैन र स्वतन्त्रताको कल्पना पनि धर्म बिना गर्न सकिदैन ।

## धर्मको उदेश्य

परमेश्वरको धर्मको उदेश्य परमेश्वरको महिमा र मानिसहरूलाई पाप र यसको दासत्वबाट स्वतन्त्रता दिलाएर परमेश्वरसँग सम्बन्ध जोड्नु र उहाँमै पूर्णरुप रमाउने अवसर प्रदान गर्नु हो । बाइबल धर्मशास्त्रले धर्मको यही उदेश्यलाई सम्बोधन गरिरहेको छ, जुन पूर्णरुपमा येशू परमेश्वरमा पुरा भएको छ । उत्पत्ति तीन अध्यायमा मानिसको पतन भएको तथ्य उल्लेख गरिएको छ । अर्थात् आदमले परमेश्वरको विरुद्धमा पाप गरेको थियो । त्यहाँ परमेश्वरले पाप र पापीलाई सजाय दिनुभयो । आदम र हव्वाको पतनपछि परमेश्वरले आदम र हव्वा र सर्पलाई श्राप दिनुभयो । तर पनि परमेश्वरले आदम र हव्वालाई लुगा लगाइदिनु भयो । उहाँले त्यहीबाट पापीहरूको निम्ति उद्धारको योजनालाई घोषण गर्नुभयो र हामी यो पापको विनाश र पापको क्षमाको योजना पूर्णरुपमापछि स्त्रीको सन्तान येशूमा प्रदर्शन र पुरा भएको पाउछौं ।

धर्मलाई प्राचीन सभ्यताको सुरुवातमा नै मानिसहरूलाई परमेश्वरले आफ्नो प्रकाश प्रदान गरेर अस्तित्वमा ल्याउनु भएको उत्पत्तिको पुस्तकबाट थाहा हुन आँउछ। तर परिवर्तनको संघारमा धर्मलाई समय, स्थान, व्यक्ति र स्वार्थ पुरा गर्नको लागि आफ्नो अनुकुल बनाउन अनेकौं पटक परिमार्जन गरिएको पाइन्छ । यसले धर्ममा धेरै नै परिवर्तन ल्याउदै यसलाई कमजोर र भ्रष्ट बनाइ दिएको छ । परिमार्जन मार्फत धर्मको सत्यताको आधारलाई पूर्णरुपमा मासिदियो । यसको परिणामस्परुप मानिसहरूमाथि परमेश्वरको कोध दिनहु आइरहेको छ ।

## धर्म स्वतन्त्र छैन र यो सितैमा पनि पाइदैन ।

धर्म स्वतन्त्र छैन । यो भनाई सत्य परमेश्वरको आराधकको लागि सत्य छ। यो भनाईलाई विस्तृतरुपमा व्याख्या गर्नु जरुरी छ। धर्मलाई धार्मिक तथा अधार्मिक मानिसहरूले बाँधिदिएको जस्तो लाग्छ । यो धर्मको दासत्वलाई हामीले कसरी हेर्ने सक्छौं त ? यसलाई दास बनाउन तिनीहरूले धर्म जस्तो अनेकौ धर्महरू बनाएका छन । अर्को शव्दमा मानव निर्मित धर्महरू आफ्ना आविष्कारहरू, प्रवर्तकहरू र अनुयायीहरूको दास बनेका छन। तर तिनीहरूले यसरी सिकाउछन र व्यवहार गर्छन कि तिनीहरूले साच्चै नै साँचो धर्मलाई आफ्नो दास बनाएका छन् । वास्तवमा हेर्ने हो भन्ने तिनीहरूले आफैले निमार्ण गरेको धर्मलाई दास बनाएर ईश्वरलाई नै दास बनाएको घोषण गर्दै हिँड्छन । मानिसहरूका अगाडि परमेश्वरलाई तिनीहरूले आफ्नो हातको खेलौना ठान्छन । अनि मानिसको दासत्वमा रहेको धर्म र ईश्वरले मानिसलाई तिनीहरूको पाप र शैतानको वशबाट कसरी स्वतन्त्र गराउन सक्छ ?

म पूर्णरुपमा विश्वास गर्छु कि शैतान, झूठका पिता, र तिनका अनुयायीहरूले कदापी परमेश्वर र उहाँको धर्मलाई दास बनाउन सक्दैनन् । ए. डब्लु. पिङ्कले भन्नुहुन्छ, "येशूको परिक्षाको उदेश्य उद्धार कर्ताले शैतानको फन्दामा पर्छ कि पर्दैन पत्ता लगाउनु थिएन तर उहाँले कहिले पनि यस्तो गर्नु हुन्न भने सत्यालाई उजागर गर्नु थियो । येशूमा पाप नगर्ने स्वभाव थियो । यसबाट येशूमा शैतानको लागि कुनै पनि कुरा नरहेको तथ्य दर्शाइएको थियो ।"[1]

[1] Pink, A.W., Why Four Gospel?, (PA, SWENGEL, BIBLE TRUTH DEPOT, 1921), Page-51.

वास्तविक धर्म सितैमा पाइदैन किनभने यसलाई मान्नेहरू वा यसद्वारा जिउनेहरूले मुल्य चुकाउनु पर्छ । चेलापनको मुल्य चाँहि जीवन हो । साँचो धर्मलाई पछ्याउनेले आफ्नो जीवन दिनुपर्छ । धर्म बलिदान बिना पुरा हुन सक्दैन । मेरो विचारमा साँचो धर्मले हामीलाई सृष्टिकर्तासँग जोड्दछ तर मानवको दासत्वमा रहेको धर्मले हामीलाई कल्पना र पापमा डोऱ्याएर परमेश्वरबाट टाढा लान्छ । परमेश्वरको निम्ति येशूले संसारसँग के चाहनु हुन्छ भने कुरा लुकाको पुस्तकमा यसरी उल्लेख गरिएको छ । लूका १४:२६ मा येशूले भन्नुहुन्छ, “यदि कोही मकहाँ आउँछ, र आफ्ना बुबा, आमा, पत्नी, छोरा-छोरीहरू र दाजुभाइ, दिदीबहिनीहरूलाई र आफ्नै प्राणलाई समेत तुच्छ ठान्दैन भने त्यो मेरो चेला हुन सक्दैन ।”

### धर्म व्यक्तिगत आस्था

धर्म कुनै व्यक्ति र उसको परमेश्वर बिचको सम्बन्ध हो । यसकारण यो व्यक्तिको निजी अधिकार हो । यो स्वतन्त्र हुनुपर्छ । तर धर्मिक र नाष्तिकहरूले यसलाई बन्धक बनाएका छन् । यसले गर्दा नै तिनीहरूले समुदायलाई टुक्रा-टुक्रा पारेर आफ्नो स्वार्थ सिद्ध गर्छन । यसकारण धर्म भनेको परमेश्वरमा विश्वास राख्नु हो । परमेश्वरमा रहेको हाम्रो विश्वास व्यक्ति, समुदाय, जातजाति, र भाषाभाषीलाई दुःखकष्ट, अन्धविश्वास, र पापबाट स्वतन्त्र गराई परमेश्वरसँग मिलाप गराउने साधन र साध्य बन्न जान्छ । धर्मले पापीहरूलाई प्रत्यक्षरुपमा परमेश्वरको महिमाको निम्ति परमेश्वरको आराधना र कल्याणको बाटोमा डोऱ्याउछ । यसकारण धर्म सबैको आवश्यकताको विषय हो ।

अन्त्यमा, बिज्ञान र प्राविधिले गरेको आविष्कारहरूको फाइदा उठाएर धर्मलाई कमजोर र दुसित बनाउने झुटहरूलाई हटाउनु जरुरी छ किनभने परमेश्वर र उहाँको प्रकाशमा अधारित खीष्टिय धर्म विज्ञानको बिरुद्धमा छैन । सत्यमा अधारित विज्ञान पनि धर्म र परमेश्वरको विपक्षमा छैन । सबै सत्य परमेश्वरको सत्यता हुन किनकि परमेश्वर र उहाँको वचन सत्य छन् । यसकारण हरेक सत्यले धर्मलाई रक्षा र सुधार गर्नुपर्छ ।

यसर्थ धर्म मान्न पाउनु वा रोज्नु कुनै पनि व्यक्तिको मौलिक हक हो । व्यक्तिको यो हकलाई सरकार वा कुनै ठूलो समुदायले बन्देज लाउन पाउदैन । यो बन्धनलाई सरकारले बलको भरमा सधैंको लागि टिकाइराख्न सक्दैन । नेपाल सरकारको यो प्रयास आफैमा विरोधाभासपूर्ण रहेको छ । साथै जनतालाई मौलिकहक अधिकारको प्रयोग गर्नबाट बञ्चित गर्नु कसैको लागि हितकार हुनेछैन किनकि आजसम्म कसैले परमेश्वरलाई पराजय गर्न सकेको छैन । हामी शान्त रुपमा प्रार्थना सहित अगी बढौं । यो युद्ध परमेश्वरको हो र उहाँ नै युद्ध गर्नुहुनेछ । हामी शान्त बस्नुपर्छ र परमेश्वर लड्नुहुन्छ किनकि युद्ध परमेश्रको हो ।


## Are you looking for Theological Education for Ministry?

Reformed & Presbyterian Seminary is one of the leading bible colleges in Nepal. We offer Bachelors of Theology and Masters of Divinity degree programs. Our Bachelor of Theology degrees also offer special programs in Christian Education and Church Music.

**Call us for more information: 5592987, 9803086418, 9815068140 & 9863807399**

# कुण्ठित बनाउने ऐन र ईसाई समाज



- ऐल्डर उमेश चेम्जोङ्ग

हाम्रो देशको संविधान र मुलुकी ऐन अल्पसंख्यक ईसाई समाज तथा अल्पसंख्यक धर्मवालम्वीका लागि "चुनाले पोतिएको चिहान" जस्तै देखिन्छ । नेपालको नयाँ मुलुकी ऐनलाई नियालेर हेर्दा त्यो "दुई तराजुको बिचमा रहेको काँटा" जस्तै छौं । जहाँ एकातिर नयाँ ऐन र अर्कोतिर केही अतिवादी समुहका मानिसहरु जसले खीष्टियन समुदायलाई "फुटेको आँखाले" हेर्न सक्दैन ।

भाद्र १, २०७५ मा लागु भएको नयाँ मुलुकी ऐनले हामीलाई नामको लागि मात्र धार्मिक स्वतन्त्रता दिएको छ तर नयाँ फौजदारी कसुर धारा १५७ को उदफा १ ले हामीलाई दबाएर राखेको छः

१) कसैले सनातनदेखि अपनाउँदै वा चली आएको अरुको धार्मिक रीतिथितिमा जानीजानी बाधा पुऱ्याउनु हुदैन । साथै धारा १५८ को उपदफा १ मा पनि यसो भनेर उल्लेख गरिएको छ । कसैकसैको धर्म परिवर्तन गराउन वा सो कुराको उद्योग गर्न वा दुरुत्साहन दिन हुँदैन ।

२) कसैले कुनै जात जाती वा सम्प्रदायमा सनातनदेखि चलिआएको धर्म मत वा आस्थामा खलल पार्ने कुनै काम वा व्यवहार गर्न वा खलल गर्ने गरी कुनै प्रलोभन देखाई वा नदेखाई अन्य कुनै धर्ममा परिवर्तन गराउनु वा धर्म परिवर्तन गराउने नियतले त्यस्तो धर्म वा मत प्रचार गर्नु हुँदैन ।

माथिका यी दुई धाराहरुले हामीले मानी आएको खीष्टप्रतिको आस्थालाई मान्न त स्वतन्त्रता दिईएको छन् तर पनि इसाई सम्प्रदायको खीष्टिमा रहेको आस्थालाई कुण्ठित बनाएको छ । यस कारणले गर्दा खीष्टियनहरु यस नयाँ मुलुकी ऐनको स्वतन्त्रताको खुल्ला आकाशमा उडेका पक्षिहरु जस्तै रमाउन सक्ने अवस्था छैन । धर्मशास्त्र बाईबलले प्रचार गर र सुसमाचार सुनाऊ (मत्ती ५:१८-२०) भन्ने आज्ञा दिन्छ भने यस मुलुकी ऐनले त्यो आज्ञालाई बञ्चित गर्दछु । हामी ईसाई समुदायलाई जति देशको कानुन प्रिय र महत्वपूर्ण छ त्यती नै परमेश्वरको आज्ञा र बचन पनि महत्वपूर्ण छ ।

त्यसैले नयाँ मुलुकी ऐन हाम्रो लागि "हात्तीको खाने दाँत र देखाउने दाँत" जस्तै भएको छ । नेपाली खीष्टियन जगको इतिहासलाई फर्केर हेर्दा झण्डै २४९ वर्ष अगाडि राजा पृथ्वीनारायण शाहले केहि उच्च ओहोदामा रहेका ब्राम्हणहरुका कुरा सुनेर १७६९ ई.स. मा खीष्टियनहरुलाई देश निकाला गरे, साथै तिनीहरुले मानेका नयाँ विश्वास अनि आस्थालाई त्याग्नको लागि कानुन पनि लागु गरे । तर त्यसबेलामा पनि अल्पसंख्यामा रहेका विश्वासीहरुले खीष्टमा रहेको आफ्नो विश्वास अनि आस्थालाई त्यागेनन् तर दृढताको साथ राजाले घोषणा गरेको कानुनलाई स्वीकार गरी देशबाट बाहिर निस्कन उचित ठाने र लगभग ५४ जना देशबाट बाहिरिए ।

त्यसबेला राजा पृथ्वीनारायण शाहाले एक भाषा जाती र धर्मको नारा सहित कानुन घोषणा गरे र ईसाईहरुलाई आफ्नै देशबाट निकालेर दमन गरे । आज हाम्रो देश नेपाललाई धर्मनिरपेक्ष घोषणा भएता पनि यो देशमा खीष्टियनहरुलाई कुण्ठित पार्ने कानुनहरु

लागु भएका छन् । धार्मिक स्वतन्त्रताको नाममा अल्पधार्मिक जातीहरुलाई दमन गरिने कानुनहरु निर्माण भएका छन् । नेपालका विभिन्न ठाउँहरुमा ईसाईहरुलाई जबरजस्ती विभिन्न दोष लगाएर जेल हालेका छन् । कसैकसैले मुद्धा पनि खेपी रहेका छन् ।

यो देशमा खीष्टियन समुदायले सुरुदेखि नै शिक्षा, स्वास्थ्य र सामाजिक कार्य प्रति ठूलो योगदान गरे तापनि हाम्रो देशको सरकारको खीष्टियनहरुप्रति हेर्ने "गिद्धे नजर"को दृष्टिले मात्रै हेरेजस्तो देखिन्छ । मठ मन्दिर निर्माण गर्न सरकारले देशको ढुकुटीबाट सहयोग दिन सक्ने तर सोहि देशमा भएका अन्य धर्ममा आस्था राखेकाहरुलाई तिनीहरुको धार्मिक स्थलहरु निर्माणको लागि सहयोग दिन नसक्नुको कारण दुःख लाग्दो हो । कानुनले सबै धर्म, जाती र भाषालाई एक समानरुपमा हेर्नु पर्दछ । कसैलाई काखा र कसैलाई पाखा गर्नु हुदैन ।

आज लगभग २५० वर्ष अगाडिको घटनालाई स्मरण गर्नु परेको अवस्थाको परिस्थिति सृजना भएको पाउँदछौं । नेपाल सरकारले नयाँ मुलुकी ऐनद्धारा धार्मिक स्वतन्त्रतालाई कुण्ठिन बनाउन खोजिएको भान हुन्छ । साथै देशको नयाँ संविधान र नयाँ कानुनले देश भरमा रहेका सबै धर्मावलम्बीहरूमा हलचल मचाएको छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बसोबास गर्ने अल्पसंख्यक धर्मावलम्वीहरु नयाँ ऐन र कानुन व्यवस्थाले कुण्ठित भएका छन् । पूर्वमा यस वर्ष लिम्बुवान जातिले कालो टिका लगाएर दशैं पर्वको बहिष्कार गरेका छन् ।

२०६३ को अन्तरिम संविधानले नेपाललाई धर्म निरपेक्ष राज्य घोषणा गरेता पनि त्यो धर्म निरपेक्षताको स्वतन्त्र प्रयोग गर्न नसकेको भान हुन्छ । कहिँ न कहिँ मुलुकी ऐनमा सनातन धर्म जसलाई हिन्दु धर्मको रुपमा चिनिन्छ। जसलाई उच्च स्थानमा राखिएको जस्तो लाग्दछ। जसले गर्दा अल्पसंख्यक समुदायहरुमा यसको असर पुगेको छ।

**हामी ईसाई समुदायलाई जति देशको कानुन प्रिय र महत्वपूर्ण छ त्यती नै परमेश्वरको आज्ञा र बचन पनि महत्वपूर्ण छ ।**

सबैभन्दा धेरै ईसाई सम्प्रदायको आस्थालाई आघात पुगेको छ भने तिनीहरुको आस्था अनि विश्वासलाई सरकारले ल्याएको नयाँ मुलुकी ऐनले दबाउन र कुण्ठित पार्न खोजेको छ। सुरक्षाको लागि भनेर देशको रक्षाको लागि खटाईएका सुरक्षाकर्मीहरु र राजनैतिक संरक्षण पाएका केहि मानिसहरु जसले ईसाईहरुका धार्मिक आराधना स्थलहरुमा आएर घम्काउने जस्ता गतिविधिहरु गरेका छन् । यस्ता कार्यले गर्दा धर्म निरपेक्षाता अथवा धार्मिक स्वतन्त्रताको दमन भएको देखिन्छ ।

तर हामी येशू खीष्टिको रगतले किनिएको कारण राज्यले ल्याएको कानुन व्यवस्थालाई बाईबलिय शिक्षाको आधारमा खीष्टको अनुशरण गरेर राज्यको व्यवस्थालाई पालन गर्नुपर्दछ, किनभने खीष्टमा आज्ञापालनले राज्यमा उद्धार र आशिष ल्याउँदछ । हामीले पनि हाम्रो पहिलो विश्वासीहरु जस्तै आफ्नो आस्था र विश्वासलाई जस्तो सुकै परिस्थितिमा पनि छोड्नु हुन्न र उहाँमा स्थिर भएर रहनु पर्दछ। किनभने यो नेपाल देश हाम्रो परमेश्वरको हो र यो राज्य उहाँकै हो त्यसैले उहाँले हामीलाई यो देशमा "नुन र ज्योति" (मत्ति ५:१३-१४) बन्नको लागि चुन्नु भएको छ ।

आजको हाम्रो नयाँ मुलुकी ऐन अथवा कानुनी व्यवस्था चुनौतीपुर्ण छ तर हामी डगमगाउनु हुँदैन । किनभने हाम्रो परमेश्वर विजयको परमेश्वर हुनुहुन्छ र हामीले उहाँमाथि पुर्ण भरोसा राख्नु पर्दछ ।

# भद्र असहमति



-मनी कोईराला

कानुनका नौं सिङ्ग हुन्छन रे! हालसालै लागु भएको फौजदारी कसुर ऐन, २०७४ का व्याख्या र बहशहरु विभिन्न कोणबाट भैराखेका छन् । धारा १५५ को १ लाइ आधार मान्ने हो भने अल्प-संख्यक धार्मिक समुदाय लाइ सरकारले संरक्षण दिने र कसैले हानि गरेमा सजायको भागीदार हुने स्पष्ट व्यवस्था छ। तर धारा १५६ देखि १५९ लाइ गहिरो रुपले अध्ययन गर्ने हो भने 'सुसमाचार प्रचारक' हरुलाई स्पस्ट रुपले अंकुश लगाउन खोजेको कुरामा दुइ मत छैन। यो विभेदकारी कानुन को प्रदिबाद हामी 'सिमान्तकृत' समुदायले कसरी गर्ने, जुन हाम्रा स्रिष्टिकर्ता परमेश्वोरको 'महान आज्ञा' विरुद्धमा छ । जसलाई हामी 'इसाइहरुको' धर्म-कर्म ठान्दछौं र हो पनि। फौजदारी कानुन विभेदकारी भयो भनेर अरु केहि समुदायहरु जस्तैः स्वास्थ्यकर्मीहरुले 'अस्पतालनै बन्द गर्ने चेतावनी' दिएर अनि संचार कर्मिहरुले रातोदिन आफ्ना पत्रपत्रिकाहरुमा मसिले पोतेर भएपनि सरकारलाई झुकाई छाडे । फलस्वरूप 'कानुन संसोधन' को आस्वासन पाएका छन् । इसाई सम्प्रदायका तर्फ बाट पनि एकल तथा सामुहिक रुपमा 'फौजदारी कसुर' हामीतिर लक्षित भयो, संसोधन गर्नु पर्छ भनेर पहल नगरेको भने होइन. तर हाम्रो आवाज कसले सुन्ने? न त देश बन्द गर्ने क्षमता (भएपनि गर्नु हुन् भन्ने मेरो मान्यता) हामीसंग भएको अवस्था नत 'धुरन्धार' संचार माध्यममा नै हाम्रो पहुँच! कतिपय साथीहरुले आफ्ना नैरास्यताहरु फेसबुक (facebook) को पर्खालहरुमा ओकेले, सिमित इसाई पत्रपत्रिकाहरुमा यस बिषयमा बहसहरु पनि भए । कति दाज-भाइ र दिदी-बहिनीहरुले 'धर्म परिवर्तन' गर्ने होइन 'विचार र जीवन परिवर्तन' गर्ने हो भन्दै छन भने कतिले चाहि 'धर्म नै परिवर्तन' गर्ने हो र गर्न पाउनु पर्छ भन्दै बर्तमान कानुनको अवज्ञा गर्ने संकेतहरु प्रकट भैराखेको हामी पाउछौ । अझ अनौठो कुरा त के छ भने कतिपय अतिवादी संघरसंगठन तथा राजनैतिक संगठनहरूले, खिष्टियन र डलरबादी र पश्चिमाको प्रभाबमा नेपाललाई 'धर्म निरपेक्ष' राष्ट्र बनाइयो भनेर बिगुल फुकी रहेको अवस्थामा स्वयम् इसाइहरुले 'आफ्नो विश्वासको अभ्यासको निश्चयताका' लागि निरर्थक झैं लाग्ने घोक्रो सुकाइरहनु पर्ने अवस्था छ। हेर्न बाँकी नै भएता पनि, हाम्रो देशको सरकार राजनैतिकरधार्मिक दमनमा उत्रिने अवस्था क्षितिजमा होइन हाम्रै अगाडी ठिंग उभिएको अवस्था छ । यस्तो परिवेशको संघारमा उभिएका हामीहरुले, वर्तमान कानुनको पालना वा उल्लङ्घन के गर्ने र कसरी गर्ने, भन्ने बारेमा केही धर्मशास्त्रीय टिप्पणी सहित आफ्नो अवधारणा संक्षित्त रुपमा राख्न चाहन्छु. यस्तो परिस्थितिमा हामि इशाईहरुले वर्तमान कानुनमा "भद्र असहमति" जनाउनु पर्छ भन्ने मेरो मान्यता हुनेछ ।

**देश-प्रेमी नागरिकले निस्शर्त रास्ट्रको कानुनको अधिनमा रहनु पर्छ** (उत्. ९:६, १ पत्रु. ३:५-६, १३, रोम. १३: १, ४)

उपरोक्त लगायत अन्य बाइबलका पदहरुको टिप्पणी गर्दै केहि टिप्पणीकार हरुले कुनै पनि नागरिकले राज्य प्रति समर्पित भएर अधिनमा बस्नु पर्ने कुरामा जोड दिन्छन किनकि सरकारको निर्माण र प्रशासकहरु परमेश्वोरलेनै नियुक्त गर्नु भएको हो. यसकारण हरेक व्यक्ति शाशन गर्नेको अधिनमा बस्नु पर्छ र आज्ञाकारी हुनु पर्छ भलै यी शाशन गर्ने व्यक्तिहरु दुष्ट नै किन नहुन् (दा. ४:३२, १पत्रु. २:१३).

## आलोचना

शाशकहरु परमेश्वरले नियुक्त गर्नु भएको कुरा हामीले माथि नै थाहा पाई सकेका छा। तर दुष्टतालाइ परमेश्वरले अनुमोदन गर्नुभएको तथा मन्जुरी दिनु भएको को कुरा धर्मशास्त्रमा कहिँ पनि हामी पाउदैनौ । रोमी १३ को ४

मा स्पष्टसंग लेखिएको छः "किनकि तिम्रो भलाइको निम्ति तिनी (शाशक) परमेश्वरका सेवक हुन् । "दुस्ट शाशकहरुसंग परमेश्वोर प्रसन्न हुनुभएको कुरा बाइबलमा हामी कहिँ कतै पनि पाउन सक्दैना। विशेष गरी अगमबक्ताका पुस्तकहरुले दुस्टरभ्रस्ट शाशकहरुको कठोर सब्दमा आलोचना गरेका छन र जस्तः "धिक्कार तिनीहरुलाई, जसले अन्यायी व्यवस्था बनाउछन, तिनीहरुलाई जसले अत्याचारी विधि निकाल्दछन" (यशै. १०:१) । यसर्थ धर्मशास्त्रको वचनले 'शाशकहरु प्रति आज्ञाकारी हुदै अधिनमा बस्नु' भन्ने आज्ञालाई अन्धोभक्त शिरोधार्य गर्नु उपयुक्त हुदैन । तत्कालिन शाशक तथा धर्म गुरुहरुलाई चुनौती दिदै पत्रुस र यूहन्नाले भनेका थिएः "परमेश्वरको कुरा सुन्नु भन्दा तपाइहरुको कुरा सुन्नु परमेश्वरको दृष्टिमा ठिक हो कि होइन तपाई आफै विचार गर्नुहोस् । किनकि हामीले देखेका र सुनेका कुराहरु हामि नबोली सक्दैसक्दैनौं ।" (प्रे. ४:१९-२०). हाम्रो धर्मशास्त्रले शाशकहरुका दुस्ट कार्य र निर्णयहरुको आज्ञापालक हुनुपर्छ भनेर सिकाएको छैन । यसको सट्टा दुष्ट कार्यहरुको निषेध गरेको छ. बाइबलमा शाशकहरुका गलत निर्णय र आदेशहरुका उल्लघन गरिएका धेरै उदाहरणहरु पाउन सक्छौं. जस्तैः मिश्र का राजाले सबै हिब्रुहरुका बालकहरुलाई मार्न दिएको आदेश (प्र. १:१५-२१), हिब्रुहरुले परमेश्वरलाई आरधना गर्न नदिएको आदेश पालन नगरेको (प्र. ५:७(१२), दानिएलले मुर्ति पुजा इन्कार गरेको (डा. ३), सुसमाचार प्रचार नगर भन्ने आदेश पालन नगरेको (प्रे. ४: १८-२१), महासंकस्ट--का समयमा "पशु" को पुजा गर्न इन्कार गरिएको (प्र. १३) इत्यादि ।

## दमनकारी नियमहरूको अनाज्ञाकारिता

हामीले माथिनै हेरी सकेऊँ कि विशेष परिस्थितिहरुमा कतिपय राज्यका नियमहरु वा भद्र असहमति धर्मशास्त्रका बर्खिलाफमा छन्, भने हामी आँखा चिम्लेर मान्न तयार हुन सक्दैना। यस्तो अवस्थामा हामीले भद्र असहमति जनाउनु पर्छ। तर यस्तो प्रकारको असहमति हामीले कसरी गर्ने? बिद्रोहरक्रान्ति वा इन्कार गरेर?

कतिपयले क्रान्ति वा विद्रोहको वकालत पनि गर्नु हुन्छ होला, तर यसको अनुचितताका उदाहरणहरु बाइबलमा प्रस्टै पाइन्छन । जस्तैः तरबार शाशकहरुलाई शाशन गर्न दिइएको हो नागरिकलाई विद्रोह गर्न होइन (उत्. ९:६, रोम. १३:४), बिद्रोही संग सांठ-गांठ नगर (हितो. २४:२१), परमेश्वरले हरेक विद्रोहहरुको निन्दा गर्नु भयो (गन्ति १६, २साम. १५, १ रा. १२), मोशाले पनि आफूले गरेको हिंसाको सजाय पाए (प्र. २:१२), इस्राएलीहरुले पनि फारोसंग युद्ध नगरी भागे (प्र. १२), येशु खीष्टले पनि तरबारको प्रयोग नगर्ने बारेमा उपदेश दिनुभयो (मत्त. २६स्५२). यी यस्ता थुप्रै धर्मशास्त्रीय उदाहरणहरुबाट यो प्रस्ट हुन्छ कि कतिपय नियमहरु हामीले पालना नगर्नु भनेको राज्य विरुद्ध क्रान्ति गर्नु होइन । येशु प्रभुले डांडाको उपदेश को खण्डमा स्पष्ट रुपमा भन्नु भएको छः "...दुष्ट को मुकाबिला नगर... "(मत. ५: ३९). यसै गरि पावलले व्यवस्था १२ को १९ पदलाई रोमी को पुस्तकमा यसरी दोहोर्याउछनः "...बदला लिने काम मेरो हो, म नै बदला लिन्छु, परमप्रभु भन्नुहुन्छ." (रोम. १२:१९). यसरी विभेदकारी व्यवस्था आयो भन्दैमा, प्रतिशोध साँधेर क्रान्तिको राँको बाल्ने काम ईसाईहरुले गर्नु हुदैन ।

दमनकारी नीतिहरूले कहिलेकाँही हामीहरुलाई पनि दमनकारी प्रकारकै प्रतिक्रिया दिने मनसाय उत्पन्न हुन बाध्य गराउदछ । तर बाध्यकारी नियमहरुको इन्कार गर्नु भनेको शाशक विरुद्ध विद्रोह गर्नु होइन । मिश्र देशका आइमाइहरुले आफ्ना नाबालक सन्तानहरुको हत्या गर्न इन्कार गरे तर दमनकारी मिश्र देश विरुद्ध धावा बोलेनन्. इश्राएलिहरुले मिश्र देशको विरुद्धमा हिंसाको मार्ग अबलम्बन गरेनन् बरु यो अवस्थाबाट पर्मेश्वरको उद्धारको मार्ग अबलम्बन गरे । यसको साथसाथै राज्यका नियमहरु पालन नगर्दा डरलाग्दा परिणामहरु आउन सक्ने कुरालाई नकार्न सकिदैन । बाध्यकारी नियमहरु पालन नगर्दा हामीहरु सजायको भागिदार हुन् सक्छा । दानिएल लगायत अरु तिन जना व्यक्तिहरुले राजाको आदेश नमान्दा सजायको भागिदार भए । (दा. ३). दमनकारी राज्यसंग लडाई गर्नु पर्दा भागेका उदाहरणहरु हामि बाइबलमा पाउछौः (इश्राएलीहरु मिश्र देशबाट, ओबादिया र एलिया दुष्ट येजेबेलबाट भागेका, १ राजा १९). यसर्थ जब राज्य निरङ्कुश हुन्छ, हामी इसाइहरुले खराब कार्यहरु गर्न लगाउने बाध्यकारी नियमहरुको इन्कार गर्नु पर्दछ,

तर गैर-बाइबलीय तरिकाले राज्य विरुद्ध खनिऔं भने फेरि आफैले दुष्टतालाइ निम्त्याउदछौ. यसको मतलब यो होइन कि शान्ति पूर्ण तरिकाले शशक्त रुपमा दमनकारी राज्यलाई काबुमा ल्याउने कोशिश नै गर्नु हुन्न । तर कानुन हातमा लिने काम चाहिँ गर्न हुन्न भनेको, जसरी धर्म शास्त्रमा लेखिएको छः "...जुन प्रशासकहरु छन्, ति परमेश्वरबाटै नियुक्त भएका हुन्..." (रोम. १३:१)

राज्यले नेपालको संविधान विश्वकै उत्कृष्ट भनेर देश-विदेशमा प्रचार गर्दै हिडेतापनि, 'संबिधान'को 'उत्पत्ति' देखि नै असन्तुष्टिका स्वरहरु नसुनिएका होइनन र कतिपय स्वरहरु अझै गुन्जी रहेका छन्। यति धेरै बिबिधता भएको देशमा सबैलाई समेट्नु चानचुने कुरापनि होइन । धर्म सम्बन्धि कसुरले, इसाइहरुको घाँटी अठ्याउने प्रशस्त मार्गहरुको उजागर गरेको छ। "धर्म परिवर्तन" गराउन नपाइने त्यो पनि "प्रलोभन देखाई वा नदेखाइ" भन्ने धारा (१५८) ले, कुनै पनि व्यक्तिको 'स्वेक्षिक अधिकार' माथि कुण्ठित गरेको प्रस्टै देखिन्छ । सच्चा इसाइहरुले 'प्रलोभन' देखाएर धर्म परिवर्तन गर्ने काम कहिले पनि गर्दैनन् र हामीलाई यो पनि थाहा छ कि 'परिवर्तन गराउने' काम परमेश्वरले मात्र गर्नुहुन्छ तर मानिसलाई नै प्रयोग गर्नुहुन्छ। "ग्रहण गराउने," "अर्पण गर्ने," "बप्तिष्मा" दिने तथा विवाह अनि मृत्यु संस्कार इत्यादि धार्मिक विधिहरु त मानिस द्वारा नै हुने कुरा हो। अब कुनचाहिँ विधिलाई टेकेर 'यसले धर्म परिवर्तन गरायो' भनेर कशुरदार राज्यले ठहर्याउने हो त्यो त हेर्न नै बाँकी छ । यस बिषयमा 'कानुनविदहरुले' कानुनका ठेलिहरुलाई व्याख्या-अपव्याख्या, वाद-प्रतिवाद पक्कै गर्नेछन. 'न्याय मुर्तिहरुले' 'बुद्धिमान वकिल साहेबहरुको 'बहस'लाई मध्यनजर गर्दै संबैधानिक 'नजिर'हरु खडा गर्नेछनः "फलानो व्यक्ति नेपालको संविधानको यो धाराको यो दफा र यो उपदफा अनुसार "धर्म सम्बन्धि कसुर'मा दोषी साबित भएको छ र यो व्यक्तिलाई यति बर्षसम्म कैद र यति हजार रुपैयाँ जरिवाना गरिएको छ." कहिलेकाँही त लाग्छ, यो सबै हाउगुजी हो. नभएपनि हाउगुजी मात्रै होस्! कतै हामीले आवश्यकता भन्दा बढी चर्चा गरेका त होइनौ? कतै यो बिषयले गर्दा "काम कुरो एकातिर कुम्लो बोकी ..... तिर" भने झैं त भएको छैन? इत्यादि । तर हेर्न बाँकी नै छ. नौं सिंगे कानुनका बारेमा घोत्लिन थाल्यो भने हाम्रा टाउकाहरुमा 'घनचक्कर' लाग्छन. तरपनि समसामयिक बिषयहरुमा थोरै भएपनि जानकारी र सजगता हामी सबैमा हुनु पर्छ . विषम परिस्थितिहरुमा 'उचित बरदान पाएका' व्यवसाहिक सेवकहरुले हामीलाई पक्कैपनि साथ दिनेछन् ।

हाम्रो इसाई विश्वासले कम्तिमा पनि दुई हजार बर्षको इतिहास बोकेको छ । इसाइहरुले सुरुदेखिनै अत्याचार र दमनहरु भोगेका छन् (नेपालमा पनि) । राज्यहरुले इसाई विश्वासलाई निषेध गर्ने तौर-तरिकाहरु सुरु देखिने गरेका थिए, अहिले सम्म गरिरहेका छन् र गरिरहने छन् तर ति सबै प्रयासहरू निरर्थक थिए भन्ने कुरा प्रस्टै भैसकेको भएता पनि वर्तमान राज्यहरुले कोशिश जारी नै राख्ने छन् । यस्तो अवस्थामा 'धेरै आत्तिहाल्नु' पनि हुदैन र 'जहाजै डुब्यो,' के गर्ने होला भनेर झोक्रेर बस्नु हुदैन. यो हामी माथि भएको अन्याय भन्दा पनि 'सृष्टिकर्ता परमेश्वर' संगको ठाडो चुनौती हो । यस्तो अवस्थामा कोही कसैलाई 'दैबिकरण' वा 'सैतानिकरण' गर्ने मनस्थितिबाट होसियार नै रहेको राम्रो हो । यथार्थमा भन्ने हो भने समाज वा राज्यको 'डरलाग्दो रोग' भनेको अरु केहि होइन तर 'पाप' हो र यो पापको 'दबाइ' भनेको सुसमाचार मात्र हो! र यो 'दबाइ' को आवश्यकता सबैलाई छ, होइन र? त्यसकारण, राज्यले जे सुकै भनोस्, यो 'दबाइको' बारेमा प्रचार-प्रसार गर्नु 'धर्म' हो 'अपराध' होइन ।

**अन्त्यमा,**

माथि पनि उल्लेख भैसकेको छ कि राज्य चाहे प्रजातान्त्रिक होस् या निरंकुश, इसाइहरुले राज्यका नियमहरु पालन गर्नु पर्दछ (रोम. १३:१, तीत. ३:१, १ पत्रु. २:१३(ज्ञछ) । राष्ट्र र देशको कानुनप्रति समर्पित हुनुपर्छ, राजद्रोही होइन । तर यदि, अन्यायी सरकार आफैलाई 'परमेश्वरको ठाँउमा' राख्न थाल्यो भने, तेस्तो अवस्थामा हामीले राज्यका तेस्ता नियमहरुलाई इन्कार गर्नु पर्दछ तर क्रान्ति वा बिद्रोह होइन. हामीले भद्र असहमति जनाउनु पर्छ ।

परमेश्वरको अधिनमा रहेर राज्यका नियमहरुलाई पालन गर्नु चुनौतिपूर्ण भएतापनि हामीले तेस्को

अभ्यास गर्नु पर्छ. हामीले निरन्तर रुपमा पावलले तिमोथी लाइ भने जस्तै, “राजा र सबै उच्च पदमा भएकाहरुका लागी“ (१ तिमो. २:२) निरन्तर प्रार्थना गरी रहनु पर्दछ. मान्छेले काम गर्यो भने मान्छेले गर्दछ, तर मान्छेले प्रार्थना गर्यो भने परमेश्वरले काम गर्नु हुन्छ जुन हाम्रो कामसँग तुलानानै गर्न सकिदैन । जसरी मिश्रीहरुको इस्राएलि माथि दमनको विरुद्धको प्रार्थना परमेश्वरले सुन्नु भयो, आजपनि उहाँले सुन्नुहुन्छ (प्र. २:२३). परिवर्तनका लागि शान्तिपूर्ण प्रयासहरू जारी राख्नुपर्छ. भलाइ गर्न थाक्नु हुदैन । यदि परिवर्तनका नाउमा गलत कदमहरु उठायौं भने त्यो धर्मशास्त्रीय दृष्टिकोणले गलत ठहरिन्छः “यसकारण जसले भलाइ गर्न जानेर पनि गर्दैन तेस्ले पाप गर्दछ”(याक. ४:१७). जबकि ‘परमेश्वरकै अस्तित्व’ मा धावा बोल्ने किसिमका कानुनहरु हामी मान्न सक्दैनौ. तर नामान्दाका परिणामहरु भयाभय पनि हुनसक्छनः क्रुर सजाय, यातना, मृत्युदण्ड, निर्वासन र प्रवासन इत्यादि (बाइबल, बिस्व मण्डली तथा नेपाल मण्डली को इतिहास या वर्तमानमा विभिन्न देशहरुको उदाहरण बाट प्रस्ट हुन्छ) । “प्रसिद्धिको सुसमाचारको” प्रभाव छ्याप्छ्याप्ती भएको अहिलेको नेपालि मण्डलीको सन्दर्भको परिप्रेक्ष्यमा भन्नै पर्ने कुरा चाहिँ के हो भने आउन सक्ने सतावटको सामना चाही “ख्रीष्ट”का लागि ‘धैर्यतापुर्बक सहेर’ गर्नु पर्छ. धार्मिक दमनका विरुद्ध राष्ट्रिय-अन्तराष्ट्रियकरण गरेर, आलाप-बिलाप गरेर, दोषारोपण गरेर, ‘हामी यत्ति पिडित छौं, उति पिडित छौं भनेर सहाभुती बटुल्ने काम भन्दा धर्मशास्त्रीय यो वचनलाई गम्भिरताका साथ मनन गरेउ भने हाम्रो मनमा पक्कै शान्ति छाउने थियो कि?: “प्रिय हो, तिमीहरुलाई पारख गर्ने अग्निमय परिक्षा तिमिहरुमाथी आइपर्दा केहि अनौठो कुरा भएजस्तै तिमीहरु छक्क नपर । तर ख्रीष्टका कस्ट-भोगमा सहभागी हुँदा रमाओ, ताकि उहाँको महिमा प्रकट हुँदा तिमीहरु पनि आनादित र हर्षित हुन सक” (१पत्रु. ४:१२-१३).

(नोटः यस लेखमा अभिव्यक्त भएका कतिपय धर्मसास्त्रिय ‘गुदी’हरु Dr. Norman L. Geisler को Christian Ethics भन्ने पुस्तकबाट भावानुबाद गरिएको छ ।)


“For unto you is born this day in the city of David a Savior, who is CHRIST the Lord.” LUKE 2:11

Psalms Unplugged

WISH YOU A
Blessed Christmas
& A HAPPY NEW YEAR 2019
- Psalms Unplugged family -



PSALMS UNPLUGGED
Please subscribe our Youtube channel & be connected with us
YouTube Psalms Unplugged   psalms unplugged
psalmsunplugged

# विश्वास (कथा)



- बिनोद राई

म राईको छोरो । साथी कपुरको कारण पहिलो पल्ट चौधरी बस्तीमा बास बस्न पुगेँ, त्यो पनि पश्चिम नेपालको भित्रि मधेसमा । कलेजमा हामी दुईजना मात्र ख्रिष्टियन भएको कारण खीष्टको नाउँमा घनिष्ट भयौं । बिदाको अवसर मिलाएर उसको गाउँ गयौं । सहर भन्दा गाउँको मिठास छुट्टै । गाउँलेहरू सबैले एक अर्कालाई चिनेको, हालखबर सोध्ने चलन । कति मज्जा, कहाँ पाइन्छ यो संस्कार सहरमा अनि म राईको छोरालाई हेर्नेहरूको भिड । उनीहरू भन्दै थिए, "पहाड से लौउन्डा आइल, अनुहार त हामर जस्त बाटिन (छ) ।" हाँसो लाग्दो ! म पनि नयाँ ठाउँमा र नयाँ परिवेशमा हुन पाउँदा खुशी थिएँ ।

कपुरको घरमा आमा, बुबा र सानी बहिनी फुलन थिए । उहाँहरुसँगको भेटघाट र भलाकुसारीले हामीलाई अझ सामीप्य गरायो । पुगेको भोलिपल्ट मै (म) भटाहा विहान्नी अङ्ना म वैठकन रोटी और भुटल भात खाइटहु (खादै थिएँ) करिब पाँच वर्षको बालकलाई काखीमा च्यापेर एकजना २६-२७ वर्षको दिदी घरमा उधारो पैसा फिर्ता दिन आउनु भयो । कहिलेकाहीँ यस्तो पनि हुन्छ कि कैले नदेखेको व्यक्तिलाई पनि कता कता देखेको, भेटेको जस्तो लाग्छ । मलाई पनि त्यस्तै भयो - ति दिदीलाई भेट्दा एक प्रकारको हर्ष नै तरंगित भयो । धेरै पछि कसैलाई भेट्दा मनमा उठ्ने हर्ष उठ्यो मेरो मनमा । आमाले (कपुरको) उहाँलाई रोटी खान आग्रह गर्नुभयो । फुलनले त्यो सानो बाबुलाई खेलाउन थाल्यो । म पनि बालबालिका प्रेमी भएकोले फुलनसंग मिलेर बाबुलाई खेलाउन थालेँ । पुर्बेली संस्कृतिमा हुर्केको म आत्मीयताको भावमा दिदीसँग बोल्न थालेँ । कुरै कुरामा उहाँको श्रीमानको बारेमा सोधेँ । तर उहाँ झस्किनु भो, अनुहार रातो नीलो भयो । मेरो यो प्रश्नको उपेक्षा गर्नु भएको थिएन उहाँले । वरपर हेरेँ अरूको मुहारले पनि यही कुरा संचार गरिरहेको थियो मलाईः त्यो प्रश्न नसोधे कै बेस हुन्थ्यो की केही अनुच्चारित रहस्य थियो त्यहाँ मैले बुझ्न सकिन, माहोल बिगारेकोमा आत्मग्लानी भयो । तर आफूलाई सम्हाल्दै उहाँले भन्नुभयो, "म पति विहीन एकल महिला हुँ र यस्की आमा पनि ।" अन्तिम वाक्य मैले खेलाउँदै गरेको बाबुतिर इंकित गर्दै भन्नु भयो । दिदीको यस प्रकारको जबाफले मलाई अक्क न बक्क बनायो । बिहानीको ताजा पन त्यसै आलस्य भयो । मौनतामा रोटी खाएर दिदी छोरालाई लिई आफ्नो घर तर्फ जानु भयो ।

दिदीले यौवनको प्रेममा आफ्नो प्रेमीसँग सबै कुरा साट्नु भएछ । पछि गर्भ बस्दा उसले छोडेर जाँदा दिदी एक्लो हुनु भएछ । शर्म र दोष सहनु भएछ । अरूले सल्लाह दिँदा पनि गर्भपतन गर्न मान्नु भएन छ । आमा र बुबाको सहारामा छोरालाई हुर्काउनु भएछ । छोरा २ वर्षको हुँदा उहाँले येशुलाई पाउनु भएको रे अनि छोराको नाम विश्वास राख्नु भएको रे । यस्तै कुराहरु मैले कपुरको आमा र गाउँ घुम्दा अरूहरू बाट सुनेँ ।

त्यसको पर्सि पल्ट हामी आटीजन धारामा (जमिन मुनीबाट आफै चौबीसै घण्टा पानी आउने तरिकाले बनाएको धारा) नुहाउन जाँदा दिदीसँग भेट भयो । उहाँ लुगाहरू धुन आउनु भएको रहेछ । विश्वास पनि साथमा थियो । आमाको ढाडमा लटपटि रहेको थियो । पहिले त बोल्न अलिक अप्ठ्यारो लाग्यो तर दिदीले आफै बोल्न थाल्नु भए पछि मलाई सहज भयो । दिदीले आफ्ना अतीतको कुराहरु गर्नु भयोः विशेषगरी विश्वासको बाबाको बारेमा । मैले उहाँको आँखामा त्यो दाजु प्रति कुनै आक्रोशको भाव देखिन । धोका खादा जीवन अर्थहिन लागेको थियो रे तर पेटमा भएको बच्चाको कुनै कसुर नभएकोले गर्दा उसको लागी भएतापनि बाँच्ने संकल्पमा सबै निन्दा र गाली सहनु भएको रहेछ ।

उहाँले भन्नुभयो, “खीष्टमा आए पछि जीवनको अर्थ पुरा भयो। मेरो यो कमजोरीलाई अवसर पारेर खीष्टले मलाई बचाउनु भयो । गल्तीको परिणाम त मैले भोग्नु नै छ तर मैले क्षमा पाएको छु। जीवनमा मूल्य, आशा र उदेश्य पाएको छु। यो छोरा मेरो विश्वासको कारण हो त्यसैले उसको नाम विश्वास राखेको हो।”

“तपाइसँग भेट्दा मलाई आफ्नै मान्छे भेटे जस्तो लाग्यो । मान्छेको कुरा नानाथरी, येशुको वचनमा जीवन छ नि, है दिदी।” मैले पुर्बेली भाकामा भनें।

दिदीले खित्का छोड्दै हो भाई भन्नु भयो । यस्तै कुराहरु गर्दै हामीले आ-आफ्नो कामहरू गर्यौं। दिदीसँग कुरा गर्दा मेरो मन शान्त र आनन्दित भयो। उहाँको मुहारमा पनि त्यस्तै कुराहरूको झझल्को देखिन्थ्यो।

नुहाएर हामी घर फर्कियौं। भोलिपल्ट काठमाडौं आएर म आफ्नै जीवनमा जिउनमा व्यस्त भएँ। केहि समय पछि कपुरले भन्यो त्यो दिदीलाई पुलिसले पक्रियो रे। यो सुन्दा त म झसङ्ग भएँ। मनमा धेरै कुराहरु खेले: किन ? कसरी ? कसले हालेको ? कपुरले बिस्तारै सबै कुरा बतायो।

दिदीले पर गाउँको एक जना करिब साठी वर्षे बिरामी महिलालाई उहाँकै आग्रहमा प्राथर्ना गर्नु भएछ। केहि दिनको निरन्तर प्रार्थना र सुसमाचार सुनाउँदा उहाँले विश्वास पनि गर्नु भएको रहेछ। तर उहाँको केहि समयपछि मृत्यु हुँदा गाउँलेहरुले दिदीलाई यसै ले त्यो महिलालाई खिष्टियन बनाएर मारी भन्ने आरोप लगाएर जेल हालिएको रहेछ । मेरो मनमा छटपटि बढ्यो। दिदीलाई सम्झें, कस्तो परिस्थितिमा हुनु हुन्छ होला ? विश्वास के गर्दै होला ? आमा बिना कसरी बसिरहेको होला ? आमा कता गयो भनेर के सोची रहेको छ होला ? दिदीलाई भेट्न आतुर भएर म सदरमुकामको जेलमा पुगें।

हाम्रो भेटमा दुवै जनाको गहभरि आसु भयो। दिदीलाई नयाँ कानुनको धारा १५८ को उपदफा ३ अनुसार धर्म परिवर्तनको आरोपमा पाँच वर्ष जेल र पचास हजार जरिवाना तोकिएको रहेछ। गाउँलेहरू दिदीबाट टाढा हुन चाहन्थे, उनीहरुको इच्छा पुरा भयो । मण्डली कानुनको अगाडी नतमस्तक भयो । अहिले पनि गाउँको विश्वासीहरूको मनमा त्रास छ रे खीष्टको बारेमा अरूसँग कुरा गर्नलाई। तर जब दिदीलाई भेटे तब उहाँको आँखामा गर्वको भाव पो देखे । दिदीले भन्नु भयो , “थाहा छ भाई, त्यो दिदीलाई थाहा थियो कि उहाँ मर्दै हुनु हुन्छ भनेर अनि निक्कै चिन्तित हुनुहुन्थ्यो। तर जब मैले खीष्टमा अनन्त जीवन छ भनें तब उहाँले खुसी भएर खीष्टलाई ग्रहण गर्नुभयो। उहाँ बित्नु भएको दिन म प्राथर्ना गर्न गएको थिएँ, उहाँ ढुक्क हुनु हुन्थ्यो। म खुशी छु उहाँको आत्मा आज प्रभुसँग छ। यो परिस्थितिको लागि पनि परमेश्वरलाई धन्यवाद। आफ्नो क्रुस बोक्न पाएकोमा धन्यको छु। तर भाई विश्वासको यादले मलाई सताउँछ।”

दोषको संसारमा निर्दोष पनि दोषी हुन्छ । फेरी जो होचो उसकै मुख घोचो । निमुखा माथि नै समाज खनिन्छ अनि कानुनले पनि उसलाई नै मात्र समात्छ । एउटा बिरामीलाई साथ दिँदा, प्रार्थना गरिदिँदा र उसको अन्तिम इच्छा पुरा गरिदिँदाको इनाम के जेल र जरिवाना हो ? तर परमेश्वरको छोरीले यसलाई खीष्टिय सेवाको रूपमा हेर्नु भयो । विश्वासको मुहार यस्तै हुँदो रहेछ। उहाँको विश्वासले मेरो विश्वासलाई सुसज्जित बनायो।

दिदीसँग बिदा भएर म विश्वासलाई भेट्न गाउँ गए। आमाको काख नपाउँदा न्यास्रिएको रहेछ । धूलोमा खेलिरहेको थियो। मैले लगेको चकलेट र बिस्कुटहरूले क्षणिक भएता पनि उसको म’हारमा मुस्कान पस्किदियो।

घाम डुब्न लागेको थियो । दिनको अन्त्यमा दिनको मूल्यां कन गरें। परिस्थिति प्रतिकूल छ तर विश्वास घटेको छैन, अझ बढ्दै छ। यो निरन्तर बढि नै रहने छ । यहि निष्कर्ष निकालेर उँभोतिर हेरें घाम डुबी सकेको थियो।

# आनन्दको ध्वनी



- बिनोद मगर

येशू ख्रीष्टद्धारा पाएको छुटकारा, अनन्त जीवन र प्रेमको वर्णन गाउने कुरा शूरुबाटकै मण्डलीहरुबाट रहिआएको छ। येशू ख्रीष्टलाई प्रभू र मुक्तिदाता भनेर विश्वास गरी विश्वासी कहलाईएकाहरु मात्र त्यस्ता मानिसहरु हुन् जो जीवनको हरेक परिस्थितिहरुमा उहाँको सर्वभौमतालाई स्विकारेर आफ्नो हृदयमा भएको आनन्दको ध्वनिलाई गुन्जाउँदछन्। यो ध्वनि सदासर्वदा रहने ध्वनि हो जसले परमेश्वरलाई महिमित पार्दछ र त्यो ध्वनि परमेश्वरलाई धन्यवाद, प्रशंसा र आराधना चढाउँदा र अरु मानिसहरुसँग आफ्नो गवाही र येशू ख्रीष्टको सुसमाचार बाँड्दा गुन्जिने गर्दछ। परमेश्वर आफैले मानिस जातिलाई दिनुभएको अति महत्वपूर्ण उपहार र अनुग्रह हो 'संगित' यसद्धारा मानिस जातिले आफ्नो कृतज्ञातालाई सिंगारेर उहाँलाई चढाउँदछन्। हाम्रो पापको लागि बलि भएर हामीलाई धर्मि ठहराएर पुनः बाटो सत्य र जीवनमा डोऱ्याउने येशू ख्रीष्ट संसारमा आउनु भयो। अन्धकारबाट उज्यालोमा ल्याई अनन्त जीवन दिई संसारको नुन र ज्योति बनाउनु भयो। मानिस जातिले कदापि हासिल गर्न नसक्ने त्यस्तो आनन्दलाई हृदयमा हालिदिनुभयो कि कुनै पनि कुराले त्यसलाई खोस्न, हटाउन सक्दैन। प्रभुबाट पाएको त्यो आनन्द, अनन्त जीवन र छुटकाराबारे अरुहरुलाई बताउन दुःखकष्ट, अभाव सतावट, खेदो र मृत्युसम्मले रोक्न सक्दैन। जसको कारण नै आज सुसमाचार सारा संसारमा फैलिएको छ र त्यो क्रम जारि नै छ।

वि.स. २००७ साल अघिसम्म सुसमाचारको ढोका नेपालमा बन्द थियो। त्यसपछि धेरै वर्षदेखि नेपाल-भारत सिमानामा रहेर "प्रभु अर्जि सुनिलेऊ" भनेर प्रार्थनाको भजनसहित नेपाल र नेपालीहरुका निम्ति त्यसबेलाका विश्वासीहरुले धेरै वर्ष संगति गरे। एक पुस्ताबाट अर्को पुस्तामा त्यो भजन र प्रार्थनालाई सारे। जसको फल नै आज नेपाली समुदायमा बढ्दै गएको मण्डलीहरु हो। आजसम्म आईपुग्दा पनि सुसमाचार र विश्वासीहरुले धेरै विरोध, दण्ड र सतावटहरु भोगिरहेका छन् र त्यो क्रम जारि छ। नेपालको ढोका खोलिएपनि नेपालीहरुको हृदयका ढोकाहरु भने अझ खुल्न बाँकि नै छ। शुरुको समयदेखि रहेको घृणा, सतावट र उपहास आजको मण्डलीले खेपिरहेको छ र निवर्तमान सरकार र संविधान पनि परम्परालाई यथास्थितिमा कायम राख्न अग्रसर देखिन्छ।

उहाँलाई पछ्याउनेहरुलाई थाहै छ कि प्रत्येकले आ-आफ्नो क्रुस बोकेर उहाँको पछि हिड्नुपर्छ र त्यो हिड्नुपर्ने बाटो फराकिलो होइन तर साँधुरो छ। संसारमा सुसमाचार र विश्वासको कारण आईपर्ने सतावट र खेदोबारे अघिबाटै येशू ख्रीष्टले हामीलाई सर्तक गराईसक्नु भएको छ र सबै अवस्थामा अन्त्यसम्मै हाम्रो साथमा रहने प्रतिज्ञा पनि दिनुभएको छ।

पावल र सिलासले (प्रेरित १६:२५) मा कैदको कष्टकर समयमा पनि परमेश्वरको भजन गाईरहेका थिए। उहाँहरुलाई दिइएको यातना, धम्की र सजायले पनि उनिहरुले प्रभुबाट पाएको त्यो विश्वास र आन्नदको ध्वनिलाई दवाउन सकेन बरु उनीहरु त झन् उत्साहसाथ ती सारा बन्धनहरुलाई सहर्ष स्विकार गरि अघि बढ्दै गए। त्यो विश्वास, अन्नत जीवन र आन्नदको ध्वनिलाई सकेसम्म धेरै ठाउँमा गुन्जाई रहे।


परमेश्वर, उहाँको बचन र प्रतिज्ञाहरु हाम्रो साथमा छन् जसको कारण हामीले पाएको यो अन्नत जीवन र आनन्दको ध्वनिलाई गुञ्जाउन रोक्न सक्दैन। इतिहास साक्षी छ उहाँको सहायता र अचम्मका कार्यहरुको, त्यसैले यो ध्वनि अझ प्रबल र शसक्त बन्दै गईरहेछ र गईरहने नै छ।

# Dear Teku



- Ruth Mukhiya

हाँसिरहेको संसारलाई अचानक बाण हाने जस्तो गरि
गाढा चोटमा डुबाएर जाने तिमि, निदाइरहेको बेला चिसो पानी खन्याएर
तर्साए जस्तै गरि जाने तिमी
भविष्यको योजना बनाउदै गर्दा
वर्तमान लाई नै मेटाइ आफुलाई भुतकालमा नै सिमित राख्ने
विचारशिल हाम्रा अति नै प्रिय मित्र टेक
तिमीलाई लाखौ सम्झनाका साथ न्यानो माया र स्नेह ।
यहाँ तिम्रो सम्झना र यादहरुले
मनमा लागेको घातलाई सूक्ष्म गतिमा नियन्त्रण गर्ने आशा दिएता पनि
तिम्रो असामयिक निधनले
हरेकको मनमा वियोगको आगो बलीरहेको छ ।
नचिनेसी को हो को हो चिनेसी माया मोह भने जस्तै
अपरिचीत बटुवाबाट ख्रीष्टको रगतद्धारा गासिएको साइनोमा पनि
अझ घनिष्ट मित्रताको साइनो लगाइ
आत्मिक घरको एउटै परिवार बनाउन सफल तिमी
यो परिवारलाई अचानक छाडी जान्छौं भन्ने कस्लाई पो थाहा थियो र ?
आज तिमी हामी माझ छैनौं रे भन्छन्
पत्याउन नै नसकिने कुरो, अति नै मिलनसार तिमी
कहिले पनि कसैको बारेमा नकरात्मक बयान गरेको सुनीन मैले,
सबैको लागि असल विचारधारा राख्ने मान्छे
आज हामी माझ नहुदा, अत्यन्तै दुःखी महशुस गर्दैछु
म । आज यस्तो लाग्छ तिमीले हास्दै विहानीको Devotion पछि
कपमा तातो पानि पीउदै गेट खोलेको,
आजै जस्तो लाग्छ मलाई खाना बोकी Girls Hostel मा ल्याएर गेटमा राखिदिएको,
आज जस्तै लाग्छ मलाई जारमा पानी भरेर बोकेर ल्याएको,
Group Assignment गर्दा मेरो चाहि काम बुक खोज्ने मात्र है भन्दै हासेको,
आजै जस्ता मात्र लाग्छु Chhami Miss को कक्षामा पछाडी बसेर
निन्द्रा हराउछ अरे नित भन्दै तितौरा मागेर खाएको,
आजै जस्तो लाग्छ सानो झोला बोकेर
आशाको घरको सेवक हु म भन्दै हिडेको ।
मलाई याद आउछ अझै पनि त्यो दिन
मैले तिमीलाई जिस्काएर आशाको घरमा नै पास्टर भएर सेवा गर भनेको
तर तिमीले त मलाई जवाफ दिएका थियौं की
आफ्नो गाउँमा नै गएर सेवा गर्छु भनेर,
जंगलमा बस्नेहरुलाई मान्छे बनाउनु छ भन्चेउ
मलाई याद छ यो कुरा जब मैले तिमीलाई Alumni को कार्यक्रममा आउ है भन्दा,
तिमीले Home-coming मा आउँछु है म त भन्थ्यौ
अनि जिस्किदै भनेका थियौ बस भाडा पनि त दुई तर्फी नै दिन्छ नी हैनत......?
झझल्को आउछ मलाई तिम्रो मुसुक्क हसाई अनि आहा..........!! भन्ने बानीको ।
मन्द मुस्कानले धनी तिमी,
मैले देखिन त्यो रिस, डाह इस्र्या तिम्रो अनुहारमा,
मन भित्रको पिडालाई मनमा नै कैद गरि
आनन्दको हासोमा रमाइ राख्ने तिमी,
दुःखलाई पनि सुःखमा परिणत गरि
आँखाको डिलैको आशुलाई पनि लुकाइ अरुलाई हसाउने कलामा पुर्ण तिमी,
बोलिमा पक्का, काममा इमान्दारिता
सम्बन्धमा भरोसा योग्यको नामले परिचित तिमी,
सहायताका हातहरु लुकाएको कतै देखिन मैले,
उमेरको पावन्दिमा नरहने तिमी
सानो ठुलो सबैमा समान व्यवहारमा वास्ता र प्रेम देखाउने तिमी,
चुनौती देखि नडग्मगाउने, जिम्मेवारी र कर्तव्यमा निष्ठा बोकेको
एक आज्ञाकारी छात्र तिमी,
आफनो कामको पहिचान गरि विश्वास योग्य भएर
सेवामा लागि पर्ने ख्रीष्टको एक असल चेला तिमी,
अब नउठने गरि निदायौ । नबोल्ने गरी रिसायौं । नरुने गरि कठोर भयौ ।
नफर्किने गरि गयौ । तर संसारीक कष्टबाट मुक्त भयौ ।
अझै पनि सपना झै लागिरहेको छ
तिम्रो विलय हाम्रो माझमा, कतै बसेर हासीरखेको आभास गर्दैछु म,
स्वीकार गर्न मानीरहेको छैन यो मनले वास्तविकतालाई,
तर पनि स्विकार गर्नै पर्ने यो तितो सत्यले हरेकको आँखा रसाएको छ ।
सबैको मनलाई चिरा चिरा बनाएको छ
हरेकले तिम्रो अभावको कमी महशुस गरेका छन
रोकिएको छैन आशुको धारा..................
यदि आशुहरुले तिमीलाई फर्काउन सक्ने भए
यदि यी सबै सपना मात्र भैदिएको भए
यदि यो एउटा मजाक ठट्टा मात्र भैदिएको भए
तर यी सब त मनमा सचिने चाहना र बाहना मात्र हुन
वास्तविकता यहि हो कि तिमीले तिम्रो दौडलाई सकाएर गयौ ।
जाने बाटो
समय फरक होला । तर संसारको यात्रा तिमीले सकायौं ।
शारिरीक विछोडको वियोगान्तमा डुबाएर गएता पनि
यो क्षणीक पिडा मात्र हो भन्ने निश्चयतामा छौं हामी
फेरि पनि पिताको घरमा भेटने आशा राख्दै
तिमि हाम्रो यादमा र आत्मामा सधै रहने विश्वासततका साथमा
तिमी प्रति भावपुर्ण संवेदना तथा श्रदाञ्जली
अति नै माया गर्ने साथी



# गवाही



**- निजोक तामाङ**

मेरो नाम निजोक तमाङ्ग हो । सिन्धुपालचोक जिल्लाको एउटा वुद्धलम्वि र ठूलो परिवारमा जन्मे । र त्यही लामा परिवारिक परिवेशमा हुर्के । उहाँहरू झारफुकको साथै विभिन्न किसिमका धर्मकर्महरू गर्नुहुन्थ्यो । यसकारण यसको प्रभाव बाल्यकालदेखि नै मेरो आस्था पऱ्यो । निरन्तर घरमा र समय समयमा मन्दिरहरु गएर पूजा गर्ने धार्मिक रितिरिवाजमा सहभागी भइरहन्थे । यी सबै कामहरू पापबाट मुक्ति पाउनको निम्ति सामुहिक र व्यक्तिगत रुपमा गरिन्थ्यो । समस्याहरू आईपर्दा म पनि ति भगवानका फोटोहरूको सामु प्राथर्ना गर्ने गर्थे । यसरी नै मेरो बाल्यकाल बित्दै थियो ।

गाउँमा परिवार र साथीहरूसँग जीवन राम्रै चलिरहेको थियो । तर आर्थिक अभावका कारण मेरो पढाइको निरन्तरताको लागि काकासँग काठमाडौं बस्नुपर्ने प्रस्ताव आयो । यो खवरले मेरो परिवार खुशी बनाए पनि म खुशी थिइन । तर २०६८ सालमा बाध्यतावस कक्षा ८ मा अध्ययन गर्नको लागी काठमाडौंमा आए ।

काका आफ्नो अफिसको काममा प्राःय व्यस्त भइरहनु भएका कारणले म घरमा एक्लै हुन्थे । घरका कामहरू गर्दै पढाई लेखाईमा समय बित्दै थियो । काकासँग म सबै कुरा खुलेर गर्न सक्दिनथें । काका पनि त्यति मसँग बोल्नु हुन्न थियो । तर उहाँले सा-सानो कुरामा गाली गरिरहनुहुन्थ्यो । मेरो मनको व्यथालाई साट्ने कोही साथीहरु थिएनन् । कक्षा ९ मा पुग्दा एक जना छिमेकी मेरो नजिकको मित्र हुन पुगिन् । हामीसँगै स्कूल जाने र गृहकार्य गर्थ्यौ । दुःख सुखका साटासाट गर्ने गर्थ्यौ । उनले परिवारबाट पाएको प्रेम र वास्ताले मलाई परिवारको याद गराउथ्यो किनकि काकाबाट मैले खोजेको प्रेम र वास्ता पाउँदिन थिए । तर नयाँ साथीको प्रेम र वास्ताले काका र परिवारको अभावलाई केही मात्रामा पुरा भइरहेको बेला एकदिन साथीसँग मनमुटाव भयो । यो सानो झगडाले उ र उनको परिवार मसँग बोल्न छोडे । साथी मेरो ढोकाकै अगाडिबाट गएतापनि नदेखे झैं गर्थिन् । यस घटनापछि म झन् एक्लिए । मलाई एकदमै गाह्रो भयो । मेरा दिनहरू आँसुमा नै बित्दै थियो । मेरो मन र मष्तिस्कमा नानाभाति बिचारहरू आउथ्यो । म नराम्रा बिचारहरूले भरिन थाल्यो । फेरि स्कूलमा मेरो दोस्ती सुनिता तामाङ्गसँग बढदै गयो । उनीसँगको संगतले विद्यालयमा एक छिन भएतापनि खुशी हुन्थे तर घरमा फेरि त्यही एक्लोपन । एक दिन सुनितालाई आफ्नो सबै कुराहरु बताए । तिनले मानिसहरूको जीवनमा येशूले ल्याएका परिवर्तनवारे बताईन् । मैले पनि ध्यान दिएर सुने । उनले एकदिन यसो भनिन्:

“यदि हामी प्रभु येशुलाई विश्वास गऱ्यौ भने र साँचो हृदयले पुकार्यौ भने उहाँ अहिले आउनु हुन्छ र उहाँलाई हामीले आफ्नो सबै कुराहरू खुलेर भन्न सक्छौं। येशु ख्रीष्ट असल मित्र हुनुहुन्छ ।” एक्लोपना, निरास र विभिन्न नकारात्मक कुराहरु सोचिरहेको समयमा सुनिताले भनेका कुराले मलाई झस्कायो त्यसपछि धेरै बेरसम्म टोलाएर बसे । यो कुरा मैले प्रभु येशूमा विश्वास गर्ने निर्णय गरे र सुनितालाई सुनाए। यो सुनेर उनी अत्यन्त खुशी भइन्। अर्को दिन उनले मलाई नयाँ करार ल्याएर दिईन्। त्यही बेलुका देखि नै बाइबल पढ्न थाले । प्रायजसो म एक्लै हुदाँ बाइबल पढ्ने गर्थे । काकालाई यस बारेमा केही थाहा थिएन । बाइबल पढ्दै जाने क्रममा मत्ती ६:२६को वचनले मलाई छोयो । मैले सोच्दै आएको र मैले संघर्ष गर्दै आइरहेको अवस्थालाई यो वचनले मलाई प्रेरित गऱ्यो ।

“आकाशका चरा चुरुङ्गीलाई हेर तिनीहरूले न त बीउ छर्छन् न त अन्न कटनी गर्छन, न भकारीमा बटुल्छन् तर तिनीहरूका स्वर्गका पिताले तिनीहरूलाई खुवाउनु हुन्छ । के तिमीहरू तिनीहरू भन्दा बढी मूल्यवान् छैनौं र ?” यो वचन नै मेरो संघर्षमय जीवनको एउटा उत्तर थियो । जुन प्रेम र वास्ता मैले खोजिरहेको


थिए त्यो सबै मैले येशु प्रभुमा पाँए । मैले घरमा नै जानी नजानी प्रार्थना गरे र येशुमा विश्वास गरे । सुनिताले जानेजति सबै कुराहरु मलाई सिकाउँथिन् । कक्षामा हाम्रो धेरै जसो कुराहरु यस्तै विषयमा हुन्थ्यो । त्यसैले मेरो मनमा चर्च जान चाहना आयो तर काकाको अनुमति बिना म कहीँ पनि जाँदिनथेँ । दुई तिन पटक शनिवार काकालाई साथीको घरमा जान्छु भनेर झुक्काएर सुनितासँग निस्सी ए. जी. चर्चमा गए । त्यहाँको जवान संगतीमा पनि बस्ने मौका पाँए । सँगतिको समयमा मलाई केही बन्धनबाट स्वतन्त्र भएको महसुस भयो । चर्चका मानिसहरूको म प्रतिको वास्ता देख्दा खुशी लाग्थ्यो । तर म चर्चमा निरन्तर जान पाईन । तर पनि प्रभुले मेरो जीवनमा काम गर्दै गरिरहनु भएको कुरा मैले महसुस गरिरहेकी थिए । प्रभुले मेरो विचारहरू र अरू प्रतिको मेरो व्यवहार र बोली वचनहरूमा परिवर्तन गरिरहनु भएको थियो । मेरो एक्लोपना विस्तारै हराउँदै गएको थियो । २०७१ सालमा कक्षा ११ पढदै गर्दा मैले बाइबल पढ्दै गरेको कुरा काकालाई थाहा भयो । विस्तारै मेरो आमाबुबा र आफन्तहरू सबैले यो कुरा थाहा पाउँदै गए । उहाँहरुले खीष्टियन धर्म छोड्न सल्लाह दिनु हुन्थ्यो र सम्झाउनु हुन्थ्यो । बेलाबेलामा यसै विषय लिएर मसँग उहाँहरु र छिमेकीहरु समेत कुरा गर्न आउँथे । प्राःय जसो सबैले विरोध नै गर्नुहुन्थ्यो । म चर्चमा निरन्तर जान नपाएकोले बाइबलको शिक्षाबाट बन्चित भएतापनि विश्वासमा स्थिर रहेँ । तर विस्तारै सबैमा मलाई हेर्ने दृष्टिकोण फरक हुदै गयो । जुन हरेक खिष्टियनको जीवनमा हुने गर्दछ । सुनितासँग घरेलु संगतीमा प्राय दिउँसोतिर जाने गर्थे । जसले गर्दा धेरै कुराहरु सिक्ने मौका पाए । धेरै जनाले मेरो निम्ति प्रार्थँना गरि दिनुहुन्थ्यो । मलाई लाग्छ सबै विश्वासीको प्रार्थनाको जबाफको स्वरूप परमेश्वरले घरेलु संगतीमा र चर्च जानको निम्ति मेरोलागि ढोका खोली दिनु भयो ।

काकाको गाली र धम्कीका कारणले म नियमित रुपमा मण्डली जान सकिरहेको थिइन । तर म प्रार्थना गरिरहन्थें । विस्तारै परमेश्वरले ती समस्याहरूमाथि विजय दिनुभयो । ती बाधा र अप्ठ्यारा परिस्थितिहरूमा परमेश्वरले काम गरिरहनु भएको थियो । मैले बप्तिस्मा लिए लगत्तै मेरो कक्षा १२ पढाई पनि सकियो । खिष्टियन धर्म छोड्ने सर्तमा मात्र स्नातक पनि पढाई दिने कुरा काकाले गर्नु भयो । मैले पढाइ र प्रभु येशु दुई मध्ये एउटा रोज्नु पर्ने थियो । संसारको क्षणिक कुरालाई रोज्नुको सट्टा अनन्तसम्म रहने सृष्टिकर्ता नै रोज्ने निर्णय गरे । मेरो पढाई कक्षा १२ मा सिमित मात्र भएन काकाको घर पनि छोड्नु पर्ने भयो ।

काम केही थिएन । धेरै जनाले मेरो पढाई काम नलागेन भन्ने गिल्ला गर्थे । यसले मलाई चिन्तित तुल्यायो । तरपनि मैले प्रभु माथिको आफ्नो विश्वास त्यागिन । बरु यस अवस्थाले प्रभुमा अझ नजिक भएर रहने मौका पाएँ । प्रभु येशु र उहाँको वचन सत्य छ । उहाँलाई विश्वास गरेको कारण यस्तो खेदो र सतावट आउनु सामान्य कुरा हो किनकी उहाँले यसवारे भन्नु भएको छ । केही दिनपछि प्रभुको कृपाले निस्सी ए. जी. चर्चको स्कूलमा एउटा शिक्षिकाको रूपमा काम गर्ने  मौका पाए । ती दिनहरूमा विश्वासमा अझ बलियो हुने र धेरै कुराहरु सिक्ने मौकाहरू पाए । तर शिक्षिका भएर काम गर्न थालेको ५ महिना पछि म बिरामी भए । डाक्टरले टि. बि. लागेको रिपोर्ट दिनुभएको क्षण मलाई विश्वास गर्न गाह्रो भइरहेको थियो । मैले ६ महिनासम्म औषधि खानुपर्ने थियो । घरमा अभिभावक कोही हुनुहुन्न थियो, दुईजना बहिनीहरु बाहेक । हामी बस्ने ठाउँभन्दा काकाको घर टाढा थियो । साथी सुनीता र मण्डलीका मेरा अभिभावकहरूबाट मैले प्रेम र वास्ता पाइरहेको थिए । यसबाट मैले परमेश्वरको विश्वासयोग्यतालाई नजिकबाट थाहा पाए । हामीले भन्दा बढी परमेश्वरले हाम्रो जीवनको लागि राम्रो कुरा जान्नु हुन्छ । यसरी उहाले मेरो गाह्रो परिस्थितिलाई पनि भलाइमा परिणत गर्नु भयो ।

६ महिनाको औषधि खाने क्रममा बुबा आमाको सल्लाहअनुसार गाउँमानै गएर आराम गर्ने निर्णय गरे र अव भविश्यमा के गर्ने होला भनेर प्रार्थना गरिएरहन्थे । परिवारको अवस्था देख्दा र रोग निको भएपछि विदेश जाने सोच बनाउँदै थिए । त्यसै समयमा एक जना पास्टरसँग भेट भयो । उहाँले मलाई बाइबल कलेज पढ्ने सल्लाह र उत्साह दिनु भयो । तर परिवारका करण बाइबल कलेज पढ्ने कुरा असम्भव थियो। बुबाले बाइबल कलेजको निम्ति पहिले अनुमति दिनु भएन तर परमेश्वरले पछि उहाँको हृदय परिवर्तन गरिदिनुभयो । यसरी परमेश्वरले अचम्मको काम मेरो जीवनमा गर्नुभयो र रातो एउटा झोला बोकेर आर.पि.एस. भर्ना हुनलाई काठमाडौं आए ।

कलेजमा सबै जनासँग घुलमेल हुन गाह्रो भयो । घरिघरि आफ्नै वरिपरिका मानिसहरूको व्यवहारले मलाई निरुत्साहसित तुल्याउथ्यो । मलाई कलेजको शुल्क तिर्ने कुराले सताइरहन्थ्यो । बुबालाई पनि यसबारे भन्न पनि नमिल्ने । गाउँको चर्चलाई पनि कलेज खर्च तिर्न गाह्रो थियो । यसवारे प्रार्थना गरिरहन्थे । प्रभुले नै कलेजको शुल्क तिर्नको निम्ति विभिन्न सहयोगी हातहरू जुटाइदिनुभयो । यहाँ सबै जना समूहमा रहेर एक अर्कासँग कुराकानी गर्दै मिलेर काम गरिरहेको हुन्थ्यो । तर घुलमील हुन गाह्रो भइरहेको आभास हुन्छ । तर परमेश्वरले यो परिस्थितिबाट समुदायमा कसरी बस्ने भन्ने कुरा मलाई सिकाउँदै हुनुहुन्छ । साथै परमेश्वरसँगको सम्बन्धलाई विकास गर्न पनि सिक्दै छु । र अहिले परमेश्वरमा एउटा सानो बालकले आफ्नो आमालाई भरोसा गरे जस्तै भरोसा गर्न सिकी रहेको छु । जीवनमा धेरै उकाली - ओरालीहरू आउँछन् ती उत्तारचाढावहरू आउँदैनन् भन्न सकिँदैन । तर ती परिस्थितिहरूमा पनि हामी प्रभुमा स्थिर रहयौं भने उहाँले हामीलाई ती अप्ठ्यारा परिस्थितिहरूसँग जुध्ने शक्ति दिनुहुन्छ । संसारको बाटो र क्रुसको बाटो फरक छ । संसारको बाटो हिँडदा केही क्षिण आनन्द र रमाइलो होला तर प्रभु येशुमा अनन्त जीवन, शान्ति र प्रेम छ । त्यसैले कुन बाटो हिँडने हो त्यो आफैले छनोट गर्नुपर्ने हुन्छ । हाम्रो एउटा सानो निर्णयले भोलिका दिनहरूमा ठुलो प्रभाव पर्दछ । क्रुसको बाटो हिँडन सजिलो छैन । यदि हामीले क्रुसको बाटोलाई अँगाल्न चाहन्छौं भने प्रभु येशु हामीलाई हाम्रो गन्तव्यसम्म पुर्याउन तयार हुनुहुन्छ । उहाँ वचनमा मात्र सीमित हुनुहुन्न । जसरी उहाँले मेरो जीवनमा मप्रति विश्वासयोग्य हुनुभयो त्यसरी आज तपाईको जीवनमा पनि तपाईहरूको गन्तव्यमा नपुगुन्जेलसम्म तपाईहरूलाई डोऱ्याउनको निम्ति उहाँ विश्वासयोग्य हुनुहुन्छ । उहाँमा कुनै धोका हुँदैन । संकष्टको समयमा मदत गर्न उहाँ सधै तत्पर हुनुहुन्छ । परमेश्वरले तपाईहरू सबैलाई प्रशस्त आशिष दिनुभएको होस् ।




# प्रेरितहरूको सार, सान्दर्भिकता र चुनौतीहरू



- सन्तोष कुमाल

प्रेरितहरूको सारले प्राचिनकालदेखि नै खीष्टको मण्डलीहरूलाई अतुलनिय  योगदान पुऱ्याउदै आएको छ । जसको साक्षी मण्डली इतिहास छ । वर्तमान समयमा पनि खीष्टका मण्डलीहरूले यसलाई त्यतिकै महत्वकासाथ लिने गरेका छन् र भविष्यमा पनि उहाँको मण्डलीहरूले यसलाई निरन्तर प्रयोगमा ल्याउने छन् । यो सार संक्षिप्त छ ।  भनिन्छ कि यो सार प्रत्येक प्रेरितहरूको शिक्षाको संक्षिप्त सँग्रह हो तर यसको लेखक चाँहि प्रेरितहरू होइनन् नता यो बाइबलमै उल्लेख भएको पाइन्छ। यसकारण यसवारे प्रश्न उठ्छ : यो के हो ? यसलाई कसले लेख्यो ? कहाँ लेखियो ? किन लेखियो ? कहिले लेखियो ?  यी प्रश्नहरूको जवाफ यस लेखले दिने जमर्को गर्ने छ ।

आज नेपाली मण्डलीहरूमा पनि प्रेरितहरूको सार सामूहिकरुपमा वाचन गरेको पाइन्छ । कति पटक यसको मूलभाव वा मूलमर्मलाई नबुझी पनि अभ्यास गरिएको छ, जुन अभ्यास गलत होइन तर सधै परम्परागत शैलीमा हामीले यसको वाचन गरिरह्यौ भने यसले आफ्नो महत्व र सान्दर्भिकता गुमाउँछ र यसको अस्तित्वमाथि नै प्रश्न उठने छ । यसकारण यसलाई जुन उदेश्य र अभिप्रायका साथ मण्डलीले प्राप्त गऱ्यो त्यो बुझ्नु अति नै जरुरी छ । यसको महत्व र सान्दर्भिकतालाई सुक्ष्म प्रकारबाट अध्ययन गरी प्रस्तुत गर्नु आवश्यक देखिन्छ । यसका लागि मण्डली इतिहासको सहायता अपरिहार्य छ । इतिहास नियाल्दा प्रेरितहरूको सार बाहेक नाइसेनको सार र एथनेसियनको सार (Nicene creed and Athanasian creed)  पनि रहेका छन् । यी सारहरूले प्रेरितहरूको सारलाई आधिकारीक बनाएका छन् किनभने यी सारहरू पनि प्रेरितहरूको सारमा नै आधारित छन् । तर यो लेख प्रेरितहरूको सारमा मात्र केन्द्रित हुनेछ ।

## प्रेरितहरूको सारको पृष्टभूमि

**(क) प्रेरितहरूको सार के हो ?**

यो सार प्राचीन मण्डलीको विश्वासको सार हो । "सार" भन्ने शब्द ल्याटिन भाषाको केडो (credo) शब्दबाट आएको हो, जसको अर्थ "म विश्वास गर्छु" हुन्छ । यो दोस्रो शताब्दी तिर लेखिएको हो । यस अन्तर्गत परमेश्वर, येशू खीष्ट, मण्डली, उद्धार र ईश्वरीय बिषयलाई समाबेश गरिएको छ । समयको अन्तरालमा पाचौ शताब्दीतिर अझ यसलाई बडो महत्व र व्यापकताका साथ प्रचलनमा ल्याइएको र मण्डलीद्वारा स्वीकार गरिएको पाइन्छ ।

**(ख) यो सार कहिले र कसरी लेखियो ?**

प्रेरितहरूको सारमा भएका बुदाँगत लेखहरू ईश्वर शास्त्रीयढंगमा प्रस्तुत गरिएको छ, जुन कुरा लगभग पहिलो शताब्दी तिर नै प्रचलनमा आएको थाहा हुन्छ । तर यो सार दोस्रो शताब्दीको मध्य (इश्वी संम्वत १५०) तिर सामान्यरुपमा खीष्टियन विश्वासको सारांशको रुपमा विकसित भएपछि यसलाई विश्वासको नियम (Rule of Faith) पनि भनिएको छ । इस्वी संम्वत ४०४ तिर ओरिगेन (Origen) का एक धर्म गूरु, ईश्वरशास्त्री तथा अनुवादक रुफिनस (Rufinus) ले प्रेरितहरूको सारमा भएका कुरालाई लगभग पूर्णतामा परिणत गरेका थिए । अधिकारीकरुपमा यसको स्वीकार सम्राट चार्लम्यागने (Emperor Charlmagne) को समयमा लगभग इश्वी सम्वत ८१३ तिर भएको थियो । पछि इश्वी संम्वत १०१४ तिर बाइबलका विद्वानहरूले  चारै तिर यसलाई अधिकारीक रुपमा स्थापित गरे ।

स्रोह्रौ शताब्दी जसलाई सुधारवादको समय पनि भनिन्छ, त्यस समयमा प्रोटेसटेन्ट मण्डली तथा अगुवाहरू जस्तै मार्टिन लुथर, अलरिच जुङ्गलि, जोन काल्भिनले पनि यस सारलाई नै अंगालेका थिए र यदि कोही सुधारबादीहरूले यस सारलाई अंगिकार नगरेको खण्डमा झूठा मत मान्नेहरू भनेर बुझ्ने गरिन्थ्यो । तरपनि सबैले यसलाई स्वीकार गरेका थिएनन्, रोमी राज्यमा भने प्रायः मण्डलीहरूले यस सारलाई मान्यता दिएका थिए । अध्ययनबाट यसको फरक-फरक स्वरुप भएको पाइन्छ, इश्वी सम्बत १९८८ मा यसको अनुवाद Ecumenical version को रुपमा गरिएको छ, जसको कारण सबै इंग्ल्याडका मण्डलीहरूले यसको प्रयोग गरि लाभ उठाउन भन्ने अभिप्राय रहेको थियो ।

**(ग) यो सार कहाँ र किन लेखियो ?**

यो सार संभवत प्राचिन शहर रोममा र रोमीहरूकै प्रभावमा विकास भएको पाइन्छ । रोमी मण्डलीहरू दोस्रो शताब्दीको मध्य (इश्वी सम्वत १५०) तिर कठिन परिस्थितिबाट गुज्रीरहेका थिए, खीष्टियनहरूलाई सतावट भइरहेको अवस्था, झूठा शिक्षाहरू मण्डलीमा प्रवेश, मण्डलीमा विशपहरू (अगुवाहरू) बीच मतभेद, को ठिक र बेठिक भन्ने जस्तो परिस्थितिहरुको कारण यसको विकास भएको हो । अर्को तर्फ रोमी मण्डलीहरूले यसलाई "एकिकृत सार" को रुपमा नयाँ विश्वासीहरुको वप्तिसमा लिने समयमा स्वीकार गरुन भनेर पनि विकास गरे र सोही उद्देश्यको निम्ति प्रयोग गरेको पनि पाइन्छ । अन्त्यमा यो सार विश्वासीहरूको विश्वास प्रकट गर्ने र विश्वासको लड्न्त लड्ने चिन्हको रुपमा स्थापित हुन गयो । सार को प्रचलन पछाडि धेरै कारणहरू छन् तर मूलतः यस सारको विकास दोस्रो शताब्दी तिर नोस्टिसिजम र मोन्टानिजम (Gnosticism and Montanism) जस्ता झूठा शिक्षाहरूको विरोध गर्ने क्रममा यसको विकास भयो भन्ने मान्यता रहिआएको छ ।

**सान्दर्भिकता:**

यसर्थ आज यो सार विश्वव्यापी रुपमा नै स्वीकार गरिदै आएको खीष्टियनहरूको विश्वासको सार हो, यो सान्दर्भिक छ । यस मत वा सारलाई स्वीकार र प्रयोग गर्ने खीष्टियन समप्रदायहरू निम्नप्रकार रहेका छन्: क्याथोलिक, लुथरन, एंगलिकन, मेथोडिस, प्रेश्विटिरियन, कंग्रिगेशनल, व्यापटिस्ट र स्वतन्त्र मण्डलीहरू इत्यादि ।

यसको महत्व यस प्रकार छन्:

(क) यो सारले खीष्टियन शिक्षाको गहिराइमा पुग्न जोड दिएको छ ।

(ख) यो सारले विश्वव्यापी मण्डलीहरूको भित्री विश्वासलाई प्रकट गर्छ ।

(ग) यो सारले खीष्टियनहरूलाई एक गराउँछ ।

(घ) यो सारको आधारमा मण्डली दृढ भएर खडा हुन सक्छ ।

(ङ) यो सारले सु-समाचारले दिने अनन्तको आशालाई ठीक प्रकारबाट प्रस्तुत गरेको छ ।

(च) यो सारको आशाको केन्द्र येशू खीष्ट हुनुहुन्छ र उहाँलाई प्रत्येक अनुयायीले "म येशूमा विश्वास गर्छु" भन्नु नितान्त आवश्यक छ ।

अन्ततः एक साँचो मण्डली विश्वासीले संक्षिप्तमा आफ्नो विश्वासलाई बुझ्न "प्रेरितहरुको सार" लाई अंगाल्नु सान्दर्भिक देखिन्छ ।

**चुनौतीहरू**

यो प्रेरितहरूको सारको मूल मर्मलाई बुझ्दा, वर्तमान नेपाल सरकारले लागू गरेको मुलकी अपराध संहिता २०७४ ले धर्मको स्वतन्त्रता र अभ्यासको जुन ढंगबाट व्याख्या गरे को छ, खीष्टियन आस्था र भावना विपरित भएको आभाष हुन्छ किनकी सारको आशाको केन्द्र येशू खीष्ट हुनुहुन्छ । सारमा भएको "म...येशूमा विश्वास गर्छु" भन्ने भनाईलाई एक साँचो खीष्टको अनुयायीले इन्कार गर्न सक्दैन । जब यस भनाईलाई स्वीकार गर्दछ तव त्यस व्यक्तिको जीवनमा एउटा साझा दायित्व थपिन्छ । त्यो येशूले दिनुभएको अन्तिम आज्ञा (Great Commission) पुरा गर्न हो । येशूले भन्नुभयो, "जाओ र सबै देशका जातिहरूलाई चेला बनाउ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिष्मा देओ" मत्ती २८:१९ । यो आज्ञा येशूले आफ्नो चेलाहरूलाई दिनु भएको हो । यसको उदघोषणा गरिनुपर्छ । यदि होइन भने एक खीष्टिय जीवन जिउनुको कुनै अर्थ रहदैन । र यस आज्ञालाई आत्मसाथ गर्नु एक साँचो खीष्टियनको कर्तव्य हुनआउँछ तर यही आज्ञामाथि नेपालको मुलकी ऐन २०७४ ले ठाडो प्रश्न तेर्साएको छ । यसैकारण कता-कता खीष्टिय धर्म विरोधी कानून निर्माण भएको हो कि ? राज्य खीष्टियन समुदायको आस्थामाथि प्रहर गर्न लक्षित भै दुःसाहसको कदम चाल्ने चेष्टा गरेको हो कि ? भन्ने लाग्छ । राज्यले नेपाल धर्मनिरपेक्ष राष्ट्र हो

कि होइन भन्ने शंका-उपशंका नेपाली खीष्टियन समुदायमा सृजना गरेको छ । नेपाली खीष्टियन समुदायलाई कता-कता राज्यबाट नै अस्तित्वविहिन गराउने षडयन्त्र पो हो कि भन्ने अडकलबाजी पनि नभएको होइन । यसर्थ यस ऐनले थप नयाँ चुनौती र जिम्मेवारी मण्डली र हरेक विश्वासीहरूलाई दिएको छ । अब यस्तो प्रतिकुल परिस्थितिमा हामी कसरी राज्यप्रति र राज्यले गर्ने व्यवहार प्रति उत्तरदायी हुने गम्भिर भएर सोच्ने समय आएको छ । हुन त खीष्टियनहरू उत्तरदायी छैनन् भन्ने मेरो बुझाई पक्कै होइन, यो तथ्य हाम्रो अगाडी प्रस्टै छ । खीष्टियनहरूले पुऱ्याएको योगदानहरू, चाहे त्यो शिक्षाको क्षेत्रमा होस, या स्वास्थ्यको क्षेत्रमा होस, वा भुकम्प जस्तो प्रकोपको समयमा होस, वा अन्य सामाजिक सेवाहरूमा त्यो बहुमूल्य छ । तर यसको लेखा-जोखा राख्ने सरकार दृष्टिविहिन भएको छ । देखेर पनि नदेखे जस्तो गर्ने, हैसियत र पहिचान दिन नचाहने बिभेदीकारी सोच र संकिर्ण मानसिकताले राज्य ग्रसित भएको छ ।

तर मानवीय यथार्थ यस्तो छ की कति पटक हामी अरुलाई नै दोस्याउने गर्छौ र आफ्नो कमी-कमजोरीलाई नियाल्दैनौ । आफुलाई निर्दोष नै साबित गर्छौ र गल्तीमा सच्चिन चाहदैनौ । यसकारण राज्यलाई मात्र दोषी ठहराएर हामी अनुत्तरदायी हुने चेष्टा नगरौं, हामी पनि राज्यप्रति उत्तरदायी छौ भन्ने यथार्थलाई स्वीकार गरेर एक क्षण भएनी मनन गर्ने कि ? प्रेरितहरूको सारले दिएको एकताको सन्देशलाई आत्मसाथ गर्ने कि ? हामी एक भई सच्चिने कि ? सारको सान्दर्भिकतालाई बुझेर अगाडी बढ्ने कि ? बाइबलले भन्दछः दाजुभाईहरूको एकताले आशिष ल्याउछ, (भजनसंग्रह १३३:१-३) । ‘‘यसकारण एकपटक नेपाली मण्डलीहरूले आफ्नो छातीलाई फराकिलो परेर, संकुचित घेराबाट बाहिर आई खीष्टको एउटै झन्डामुनि भेलाभई विश्वासको सारलाई एउटै उच्च आवाजमा वाचन गर्ने समय आएको छ । ताकि यस कार्यले सम्पुर्ण नेपाली खीष्टियनहरुलाई एकतामा स्थापित गरोस् । हामी नेपाली खीष्टियन हौं भन्ने गर्व गर्न सकौं र अन्य धार्मिक समूह सरह हामी नेपाली खीष्टियनहरू राज्य र मण्डलीप्रति जिम्मेवार हुदै आउने चुनौतीहरूलाई सहज ढंगबाट सामना गर्न सकौं र नेपाल देशमा नुन र ज्योति भई जिउने प्रेरणा निरन्तर रुपमा मिलिरहोस् । आमेन् ।


आशिष प्रेस्बिटेरियन मण्डली, काठमाडौं
१९९८
वचनको समग्रता

**येशू ख्रीष्टको जन्मोत्सव तथा नयाँ बर्षको उपलक्ष्यमा**
**हार्दिक शुभकामना ब्यक्त गर्दछौं !**

रेभ. डा. महेन्द्र भट्टराई

रेभ. ध्रुब अधिकारी

ए. जीवन प्रधान

**तथा**

आशिष प्रेस्बिटेरियन मण्डली परिवार

रानिबू, ललितपुर

# नयाँ मुलुकी (संहिता) ऐन र ईसाईहरूलाई व्यवहारिक जटिलता



नर्बु शेर्पा
डिसेम्बर ४, २०१८

संविधानको धारा २९६ को उपधारा (१) आधारमा नेपालको पारिवारीक कानूनलाई समयानुकुल बनाउन भनी "मुलुकमा कानून र व्यवस्था कायम गर्दै सर्वसाधारणको नैतिकता, शिष्टचार, सदाचार, सुविधा तथा आर्थिक हित कायम राख्न, देशको आर्थिक, समाजिक, तथा साँस्कृतिक क्षेत्रहरूमा न्यायपूर्ण व्यवस्था कायम गर्न र विभिन्न जात जाति, धर्म सम्प्रदायहरू बीचको सुसम्बन्ध कायम राख्न" जंग बहादुर तथा राजा महेन्द्रको पालामा ल्याईएको मुलुकी ऐनमा संशोधन र एकीकरण गर्ने काम गरियो । यसरी संशोधन गरी ल्याईएको मुलुकी ऐनमा पाँच वटा ऐनहरु: (१) मुलुकी देवानी (संहिता) ऐन, (२) मुलुकी देवानी कार्यविधि (संहिता), (३) मुलुकी अपराध (संहिता), (४) मुलुकी फौजदारी कार्यविधि (संहिता) र (५) फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ छन् ।

"जात जाति तथा धर्म सम्प्रदायहरू बीचमा सुसम्बन्ध कायम राख्न" भनि ल्याइएको यो नयाँ मुलुकी संहितालाई अहिलेको माहोलमा हेर्दा "...धर्म... र वैचारिक आस्थाको आधारमा भेदभाव नगरिने" भनिएको भएता पनि ईसाईहरूको आस्था या विश्वास अनुसार परमेश्वरको राज्यमा या आत्मिक नियममा रहने स्वभाविक प्रकृति अनुसार सुसमाचार प्रचार-प्रसार गर्ने आस्थागत विशेषतालाई नै विशेष निशाना बनाई यसलाई रोक्ने ध्येयले ल्याईएको कानून नयाँ नभई पुरानो परम्परागत मान्यतालाईनै पुन जगाउने काम लोकतान्त्रिक सरकारले पनि गरे जस्तो देखिन्छ । यद्यपी यो परिस्थिती निम्त्याउनुमा ईसाई विरोधी शक्तिहरूको मात्र विशेष हात नभई हामी सबै खाले ईसाई समूदायहरूले पनि आफ्नो आस्थागत अभ्यास गर्ने क्रममा बाइबलिय मूल्यमान्यता भन्दा विपरित ईसाईहरूको नाममा भएका जति पनि गतिविधिहरू छन् तिनीहरू पनि त्यतिकै जिम्मेवार छन् । तसर्थ बनाईएको कानूनलाई कार्यन्वयनमा सरकारले लोकतान्त्रिक मर्मलाई ध्यानमा राखेर सबै जात जाति तथा धर्म सम्प्रदायहरूमा सुसम्बन्ध कायम राख्दै समाजलाई अनुशासित बनाउने प्रयास सरकारी तवरबाट राम्रोसँग भए कतिपय ईसाई समूदायहरूबाट बाईबलिय शिक्षा भन्दा विपरित, जो वास्तवमा मूलधारको ईसाई समूदाय तथा मण्डलीहरूको नियन्त्रण भन्दा पनि बाहिर रहेका त्यस्ताखाले ख्रीष्ट विरोधी शिक्षा तथा गतिविधिहरूको नियन्त्रणमा कानूनले केही सकरात्मक भूमिका ल्याउने पनि देखिन्छ । त्यस्तै गरी बाँकी जति पनि ख्रीष्ट केन्द्रित बाइबलिय शिक्षाको मूलधारमा रहने ईसाई समूदाय तथा मण्डलीहरू छन् उनीहरूलाई आफ्नो आस्थाको अभ्यास गर्ने क्रममा अनुशासित तथा मर्यादित एक नेपाली सच्चा ईसाई नागरिकको रुपमा प्रस्तुत् हुनुपर्ने जरुरीलाई कानूनले सजक गराउने काम गरेको देखिन्छ ।

देशको वर्तमान राजनैतिक, सामाजिक, तथा धार्मिक अतिबादी समूदायहरूको ख्रीष्टियान विरोधी गतिविधिहरू र जनक्रान्तीको पृष्ठभुमिबाट बनिएको लोकतान्त्रिक सरकारलाई समेत दवावमा राख्न सक्ने आन्तरिक तथा बाह्य शक्तिहरूको भूमिकालाई विचार गर्दा अल्पसंख्यक ईसाई समूदायलाई बलिको बोको बनाई बाँकी सोझा सिदा जनताहरूलाई "सनातन" को नाममा पुरानै ब्रामणवादी धार्मिक तथा सास्कृतिक मूल्य-मान्यताहरूको बन्धनमा समाजलाई पुन राखेर

केही शासक वर्गहरूले नै पुन हालीमुहाली गरिरहने नियत देखिन्छ । यस्तै पुरातन शासन-प्रणाली तथा सस्कार विरूद्ध हिंसात्मक आन्दोलन गरेर समाजको आमूल परिवर्तन गर्ने भन्ने केही राजनैतिक नेताहरू, जसको नियन्त्रणमानै देशको व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिका हुँदा पनि उनीहरूले देखाईदिएको सपना अनुसारको उनीहरूकै व्यवहारमा आमूल परिवर्तनको अभाव भएको प्रमाण संशोधन गरी ल्याइएको कानूनले देखाईदिएको छ । मुलुकी देवानी (संहिता) ऐन, २०७४ को परिच्छेद ३, दफा १८ को उपदफा १ अनुसार प्रत्येक नागरिकलाई कानूनको दृष्टिमा समान रूपले हेर्दै "...धर्म..र वैचारिक आस्था को आधारमा भेदभाव नगरिने" भनिएता पनि संशोधित कानून अनुसार प्रशासनबाट नेपाली ईसाईहरूलाई गरिदै आएको व्यवहारमा त्यस्तो देखिन्दैन ।

'मुलुकी अपराध' (संहिता) ऐन अन्तर्गत परिच्छेद २ को "सार्वजनिक शान्ति विरुद्धको कसूर" अन्तर्गत दफा ६५ मा "सार्वजनिक शान्ति खलल पार्न नहुने" भनी जारी गरेको ऐनले ईसाईहरूलाई आफ्नो आस्थागत अभ्यासहरूमा सार्वजनिक शान्ति जस्तो संवेदनशीलतालाई ध्यान दिँदै शान्तिप्रिय अनुशासित र मर्यादित नागरिक बन्नु पर्ने आवश्यक्तालाई दर्शाएको देखिन्छ । संवेदनशील, अनुशासित तथा मर्यादित बन्नु पर्ने आवश्यक्ता त ख्रीष्टियान तथा नेपाली मण्डलीहरूलाई बाइबलिय निर्देशन पनि हो (रोमी ६:१५-१८) । तर परिच्छेद ९ अन्तर्गत 'धर्म सम्बन्धी कसूर'को दफा १५६, १५७, र १५८ मा पूर्णतः ईसाई लक्षित बाइबलीय मान्यता बमोजिम शान्तिबादी सुसमाचार प्रचार-प्रसार गर्ने ईसाईहरूको स्वभाविक तथा आस्थागत स्वभावमाथि नै नियन्त्रण गर्ने देखिन्छ । "धार्मिक भावनामा आघात पुऱ्याउन नहुने" भन्ने ऐनमा "कसैले लेखेर, वचनले वा आकार वा चिन्हद्वारा वा अरु कुनै किसिमबाट धर्म, वर्ण, जात, जाति, सम्प्रदाय वा वर्गको धार्मिक भावनामा आघात पुऱ्याउनु हुँदैन" भनिएको छ । परिच्छेद ९ मा 'धर्म सम्बन्धी कसूर' को दफा १५८ मा "धर्म परिवर्तन गराउन नहुने" भन्ने ऐन अन्तर्गत उपदफा २ मा "कसैले कुनै जात, जाति वा सम्प्रदायमा सनातनदेखि चली आएको धर्म, मत, वा आस्थामा खलल पार्ने कुनै काम वा व्यवहार गर्न वा खलल हुने गरी कुनै प्रलोभन देखाई वा नदेखाई अन्य कुनै धर्ममा परिवर्तन गराउन वा धर्म परिवर्तन गराउने नियतले त्यस्तो धर्म वा मत प्रचार गर्न हुदैन" भनिएको छ । यदि गरिएमा यस कसूर उपर थाहा पाएको मितिले छ महिना भित्र कसैले पनि उजुर गर्न पाउने र दोष प्रमाणित भए यस्तो कार्यमा संलग्न हुनेले पाँच वर्षसम्म कैद र पचास हजार सम्मको जरिबाना र विदेशीको हकमा यस दफा बमोजिम कैद भुक्तान गरेको सात दिन भित्र देश निकाला गर्ने कानूनी ब्यवस्था छ । यसरी नेपाली ईसाईहरूले आफ्नो आस्था अनुसारको अभ्यास लेखेर, वचन बोलेर, या कुनै पनि आकार वा चिन्ह प्रयोग गरेर अरुहरूलाई सुसमाचार सुनाउन नपाउने कानूनको घुमाउरो व्यवस्था ईसाई लक्षित, दमनकारी देखिन्छ । ईसाई विरोधी तथा अतिवादी सनातनको पक्षधरहरू जतिपनि छन् उनीहरूलाई कानूनले नै जालसाजी गरेर फसाउने र अपराधी ठहराई कानूनी दण्डको भागिदार बनाउने माहोल बनाईदिएकोले जात-जाति तथा धर्म सम्प्रदायमा सुसम्वन्ध कायम व्यवहारमा हुन कठिन देखिन्छ ।

**'जात जाति तथा धर्म सम्प्रदायहरू बीचमा सुसम्बन्ध कायम राख्न' भनि ल्याइएको यो नयाा मुलुकी संहितालाई अहिलेको माहोलमा हेर्दा '...धर्म... र वैचारिक आस्थाको आधारमा भेदभाव नगरिने' भनिएको भएता पनि ईसाईहरूको आस्था या विश्वास अनुसार परमेश्वरको राज्यमा या आत्मिक नियममा रहने स्वभाविक प्रकृति अनुसार सुसमाचार प्रचार-प्रसार गर्ने आस्थागत विशेषतालाई नै विशेष निशाना बनाई यसलाई रोक्ने ध्येयले ल्याईएको कानून नयाा नभई पुरानो परम्परागत मान्यतालाईनै पुन जगाउने काम लोकतान्त्रिक सरकारले पनि गरे जस्तो देखिन्छ ।**

मुलुकी अपराध (संहिता) ऐनको परिच्छेद २ अन्तर्गत दफा ७१ मा "शान्ति भङ्ग गर्न घर, जग्गा वा सवारी साधन दिन नहुने" भन्ने कानूनी प्रावधानले घर तथा जग्गा धनीहरूले, विशेष गरी शहरहरूमा ईसाईहरूलाई, बस्नलाई, सेवा संगति तथा अन्य कुनै पनि कार्य गर्नलाई भाडामा दिन नसक्ने अवस्था कानूनले बनाईदिएको छ। त्यस्तै गरी अहिले प्रयोग गरिरहेको ठाउँहरूमा पनि छिमेकीहरू या कसैले गरिआएको क्रियाकलापहरूः प्रार्थना, आरधना, कार्यक्रम या यी कार्य गर्दा निस्कने आवाजले कसैलाई असर परेको विरुद्ध उजुर भैदिए प्रयोग गरिँदै आएको घर तथा जग्गा जुनसुकै बेला पनि छाड्नुपर्ने माहोल कानूनले बनाईदिएकोले यस्तो कुरामा ईसाईहरूले सजकता अपनाई मर्यादित बन्नुपर्ने देखिन्छ ।

बाइबलीय मूल्य मान्यतासँग बाझ्ने व्यवस्थाहरूमा "गर्भ पतन गराउन सक्ने" कानून एक हो । दफा १८८ तथा १८९ मा ब्यवस्था गरिएको कानून र सजाय अनुसार बाह्र हप्ता भन्दा माथिको गर्भको नानीलाई मात्र व्यक्तिको रूपमा व्यवहार गरिने देखिन्छ । दफा १८९ अनुसार केहि विशेष परिस्थितिमा गर्भ पतनको लागि कानूनले दिएको छुटले मण्डलीले लिने नीति, शिक्षा र विश्वासको अभ्यासमा विशेष सजकता अपनाउनुपर्ने देखिन्छ । पारिवारिक कानुनी व्यवस्था अन्तर्गत दफा ७० को उपदफा (१) को (घ) अनुसार विवाह सम्वन्धी कानूनले अवलम्वन गरेको नीति अनुसार बीस वर्ष उमेर पूरा भएपछि मात्र गरिएको विवाहलाई कानूनी मान्यता दिईने भएकोले मण्डलीमा विवाह सम्वन्धी दिइने शिक्षा तथा सल्लाहमा कानूनलाई पनि ध्यान दिनुपर्ने देखिन्छ। यदि बीस वर्ष भन्दा मुनिको वैवाहिक सम्वन्धलाई मण्डलीले विवाह गराईदिने काम भए बाल-विवाहको अभियोग लाग्न सक्ने कानुनी प्रावधान भएकोले ईसाई अगुवाहरू यसमा सजकता अपनाउनु पर्ने देखिन्छ। बाइबलीय शिक्षाकै विरूद्धमा नभएता पनि दफा २९६ ले "अनुमति विना एकको तस्वीर अरुलाई दिन वा विक्रि गर्न नहुने" भन्ने मान्यताले ईसाईहरूले सेवाकाईको प्रयोजनको लागि अरूको फोटो खिच्ने र प्रयोग गर्ने कुरामा सजगता अपनाउनुपर्ने देखिन्छ । हामी ईसाईहरूले प्रयोग गर्ने शब्द "शैतान" लगायत अन्य कुनै पनि कुराहरू गलत ठाउँमा गलत तरिकाले कुनै व्यक्ति वा समूह लक्षित गाली या बेइज्जत गर्ने नियतले भनियो या भनिएको अर्थमा कसैले त्यस उपर उजूर गरिए, दफा ३०५ को उपदफा १ र २ अनुसार गाली या दफा ३०६ अनुसार बेइज्जत गरेको आरोप लाग्न सक्छ । यदि यो प्रमाणित भएमा दफा ३०५ उपर १ वर्ष सम्मको कैद तथा १० हजार सम्मको जरिबाना त्यस्तै दफा ३०६ अनुसारको कसूर उपर दुई वर्षसम्म कैद तथा २० हजार सम्मको जरिबाना कानूनले तोकेको छ । यस्ता व्यवहारिक विषयहरूमा सजकता अपनाउन ईसाईहरूले मण्डलीहरूमा बाइबलिय मान्यता अनुसार कानूनी मर्यादा पालन गर्न उत्साह दिनुपर्ने जरुरी देखिन्छ ।

नयाँ भनि ल्याईएको यी मुलुकी संहिताले समाजमा उठिरहेको नयाँ सामाजिक मूल्य तथा मान्यतालाई सम्वोधन हुने गरी संशोधन हुनुपर्नेमा त्यस्तो नभई समाजमा अन्तरविरोध ल्याउने खालकै पुरानै कानून भएकोले ईसाईहरू लगायत अन्य अल्पसंख्यक वर्गहरूले लोकतन्त्रको अनुभुति गर्न नपाउने जस्तो देखिन्छ । तथापी रोमी १३:१-७ अनुसार "हरेक व्यक्ति शासन गर्ने प्रशासकहरूका अधीनमा बसोस् । परमेश्वरबाट आएको अधिकारबाहेक अरू कुनै अधिकार हुँदैन । जुन प्रशासकहरू छन्, ती परमेश्वरबाटै नियुक्त भएका हुन् । यसकारण प्रशासकहरूका विरुद्धमा खडा हुनेले परमेश्वरबाट नियुक्त भएकाहरूको विरोध गर्छ, र जसले विरोध गर्छन्, तिनीहरूले दण्डको आज्ञा पाउनेछन् । किनभने सुकर्मको निम्ति होइन, तर कुकर्मको निम्ति शासकहरूको डर मानिन्छ । के तिमी प्रशासकको डरमा रहन चाहँदैनौ ? त्यसो भए, असल काम गर, र तिमीलाई तिनीबाट प्रशंसा मिल्नेछ । किनकि तिम्रो भलाइको निम्ति तिनी परमेश्वरको सेवक हुन् । तर यदि तिमी खराबी गर्छौ भने डर मान ।" यसर्थ देशको नागरिक भएको हैसियतले कानुनी मर्यादा राख्दै ख्रीष्टिय दायित्व पुरा गरेर अनुशासित बन्न बाइबलिय निर्देशन हामीलाई छ । भनिएको छ "विवेकको निम्ति पनि तिमी तिनका अधीनमा रहनुपर्छ ।"

ecec
Early Childhood Education Centre

Training Teachers
Shaping Future

# ADMISSION OPEN

## 1 YEAR ACCREDITED COURSE

for building expertise in Early Childhood Development

**Accredited by**

Kathmandu University

*Classes start from March 2019*

**Registration begins...**

*Supported by*

NLA University College Norway

*for more details please*

**Contact**

Bhanimandal, Lalitpur
5548439, 5549063
Direct call: 9803424260

Chabahil, Kathmandu
4479076

ecec.nepal

www.ecec.org.np



# फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४

# परिच्छेद ९

# धर्म सम्बन्धी कसूर

**१५५. धार्मिकस्थल वा पवित्र मानिएको स्थानलाई क्षति पुरयाउन नहुने :**

(१) कसैले कुनै जात, जाति, सम्प्रदाय वा वर्गको धार्मिक आस्था वा धर्मको घृणा गर्ने वा अपमान गर्ने नियतले वा सो हुन सक्छ भन्ने जानी जानी कुनै धार्मिक पूजा, प्रार्थना वा कर्म गर्ने स्थान वा पवित्र मानिएको कुनै स्थान, वस्तु, मशानघाट वा चिहानलाई हानि, नोक्सानी वा क्षति पुरयाउन वा कुनै किसिमले दूषित गर्न, विगार्न, फोहरमैला गर्न वा यस्तै अन्य कार्य गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) विदेशीले उपदफा (१) बमोजिमको कसूर गरे वा गराएको रहेछ भने उपदफा (२) बमोजिमको कैद भुक्तान भएको सात दिनभित्र निजलाई नेपालबाट बाहिर पठाउनु पर्नेछ ।

**१५६. धार्मिक भावनामा आघात पुरयाउन नहुने :**

(१) कसैले लेखेर, बचलने वा आकार वा चिह्नद्धारा वा अरु कुनै किसिमबाट कुनै जात, जाति सम्प्रदाय वा वर्गको धार्मिक भावनामा आघात पुरयाउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

**१५७. धार्मिक रीति स्थितिमा बाधा पुरयाउन नहुने :**

(१) कसैले सनातनदेखि अपनाउदै वा चली आएको अरुको धार्मिक रीति स्थितिमा जानीजानी बाधा पुर्‍याउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

**१५८. धर्म परिवर्तन गराउन नहुने :**

(१) कसैले कसैको धर्म परिवर्तन गराउन वा सो कुराको उद्योग गर्न वा दुरुत्साहन दिन हुँदैन ।

(२) कसैले कुनै जात, जाति वा सम्प्रदायमा सनातनदेखि चली आएको धर्म, मत वा आस्थामा खलल पार्ने कुनै काम वा व्यवहार गर्न वा खलल हुने गरी कुनै प्रलोभन देखाई वा नदेखाई अन्य कुनै धर्ममा परिवर्तन गराउन वा धर्म परिवर्तन गराउने नियतले त्यस्तो धर्म वा मत प्रचार गर्न हुँदैन ।

(३) उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्ति विदेशी रहेछ भने त्यस्तो व्यक्तिलाई यस दफा बमोजिम भएको कैद भुक्तान गरेको सात दिनभित्र नेपाल बाहिर पठाउनु पर्नेछ ।

**१५९. हदम्याद :** दफा १५८ अन्तर्गतको कसूरमा त्यस्तो कसूर भएको थाहा पाएको मितिले ६ महिना र यस परिच्छेद अन्तर्गतको अन्य कसूरमा त्यस्तो कसूर भएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन ।

# Living Stone College

## Science and Management

*Educating students to be:*
*Faithful in Character- Competitive in Knowledge Contributive in Live*

## Our Values

- To respect and value the individual
- To maintain integrity an honesty
- To equip and train each students to face the challenges of life
- To provide a value-based education with high academic standards to all communities irrespective of cast and creed.




### Our Features

- Well- Ventilated Classrooms
- Well-Equipped Libraries
- State-of-the-art-laboratories
- Hygienic Cafeteria
- Sports and Entertainment

### Facilities

- Music Class
- Qualified and Committed Faculties
- Value-based-education



### L.C.S. BRINGS COURSES FOR SCIENCE AND MANAGEMENT

In order to get enrolled in science stream, students must have obtained "B" or above in S.E.E. or equivalent examinations with science, Com. Math, Opt Math and English as major subjects and for management "C+" or above in S.E.E. or equivalent examinations with Com. Math, English as major subjects. Students from foreign S.E.E. or equivalent board must come up with Migration Certificate.

## Living Stone College

Nakkhu-4, Lalitpur GPO Box 8975 EPC 1632
**Phone:** 01-5185026, 5185337, 5185611
**Email:** livingstonecollege2014@gmail.com

# REFORMED & PRESBYTERIAN SEMINARY

## VISION

We see Nepali Communities flourishing in the fruits of the Gospel through the labor of disciples who are yoked to Christ.

## MISSION

To provide Christ-centered training to equip godly leaders for Christ's church among Nepali people, who are authentic in Christian character, competent in theological knowledge and equipped for ministry.

## VALUES

We want to glorify God through upholding these values:

**Reformed World and Life View**
**Christ-Centered Education**
**Missionary Spirit and Zeal**
**Gospel Transforming Community**
**Nurturing with Nepali Resources**
**Network of Christian Leaders**
**Covenant Spirituality**
**Servant Leadership**
**Holistic Human Development**
**Training for Vocational Ministry**

## ADMISSION REQUIREMENTS

To ensure excellent theological education. All applicants must fulfill all the requirements and qualifications in order to get admission at Reformed & Presbyterian Seminary (RPS).

General Requirements for both programs Master of Divinity (MDiv) and Bachelor of Theology (BTh) Admissions:

**Follow these steps to apply**

**Step 1:** Fill the online pre-application available in Seminary *website (www.rpsnepal.com).*

**Step 2:** Seminary will contact with you via phone or email to submit your complete forms.

**Step 3:** Download the application form from website and fill the form completely and send it to the seminary office.
Or you can also take application from RPS office.

**Step 4:** Submit the application forms to office before July 15 (check the list of required documents when you submit application).

a. Baptism Certificate, if no certificate, an official letter from pastor.
b. Transcripts and Certificates from all previous schools/institutions.
c. Letter of Recommendations—one from Pastor, and another from academic institution.
d. An essay recently written by you (200-350 words-only for MDiv.)

*FOR MORE INFORMATION PLEASE CONTACT*

**REFORMED & PRESBYTERIAN SEMINARY**
Lalitpur Metropolitan City, Ward No. 25
Phulbari Chowk, Bhaisepati
**Phone:** 977-1-5592987 | **Fax:** 977-1-559298
**Postal:** GPO 8975, EPC 1923 Kathmandu, Nepal
**Email:** rpseminary@gmail.com
**Web:** www.rpsnepal.com